प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सुशासन केन्द्र
बागमती प्रदेश, जावलाखेल, ललितपुर

मन्थली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

राजश्व सुधार कार्ययोजना

अन्तिम प्रतिवेदन

२०७८

बिषय सूची

परिच्छेद - एकः परिचय १

१.१ पृष्ठभूमि १

१.२ योजनाको औचित्य १

१.३ योजनाको उदेश्यहरु १

१.४ योजना तर्जुमा विधि र प्रक्रया २

१.४.१ पृष्ठभूमि २

१.४.२ सन्दर्भ सामाग्री अध्ययन ३

१.४.३ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल ३

१.४.४ तथ्यांक तथा सूचना संकलन ४

१.४.५ मस्यौदा प्रतिवेदन तयारी ४

१.४.६ अन्तिम प्रतिवेदन पेश ५

१.५ अध्ययन सिमाहरु ५

परिच्छेद - दुईः नगरपालिकाको सक्षिप्त परिचय ७

२.१ परिचय ७

२.२ नामाकरण ७

२.३ भौगोलिको अवस्थिति ८

२.४ प्रशासनिक एंव राजनैतिक विभाजन ८

२.५ जनसंख्या तथा जातजातीहरु ९

२.६ शिक्षा तथा स्वास्थ्य ९

२.७ सडक तथा यातायात १०

२.८ धार्मिक तथा पर्यटकिय स्थलहरु १०

२.९ मानव संसाधनको अवस्था १०

२.१० भौतिक सम्पतिको अवस्था १२

परिच्छेद - तीनः स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता १४

३.१ राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था १४

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १८

३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावान विश्लेषण २०

३.३.१ स्थानीय कर राजश्व २०

३.३.२ गैर कर राजश्व २५

परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ३३

४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र ३३

४.२ आय संकलनको संस्थागत क्षमता ३५

४.३ आन्तरिक आय परिचालन ३६

४.४ राजश्व परिचालनमा रहेका सवालहरु ३७

परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना ४१
५.१ राजश्व सुधार कार्ययोजना ४१
५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति....... ४१
५.१.२ राजश्व सुधार कार्ययोजना....... ४३

परिच्छेद - छः आगामी तीन बर्षको आय प्रक्षेपण ५०
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण....... ५०
६.२ आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण....... ५२

परिच्छेद - सातः अपेक्षित नतिजा....... ५५
७.१ अपेक्षित नतिजा ५५

परिच्छेद - आठः अनुगमन तथा मूल्याङ्कन ५६

अनुसूचीहरु....... ५९
अनुसूची १ - छैठौ नगर सभाभाट स्वीकृत मन्थली नगरपालिकाको दरबन्दी चार्ट ५९
अनुसूची २ - मन्त्रालयबाट स्वीकृत मन्थली नगरपालिकाको दरबन्दी चार्ट....... ६०
अनुसूची ३ - तथ्याङ्क संकलनको चेक लिष्ट....... ६१
अनुसूची ४ – तथ्याङ्क संकलन फाराम....... ६२
अनुसूची ५ – जुम मिटिङका फोटोहरु ६७
अनुसूची ६ – तथ्याङ्क संकलनका फोटोहरु ६९
अनुसूची ७ – मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको फोटोहरु....... ७१
अनुसूची ८ – मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको माईन्यूट....... ७३

तालिका सूची

तालिका 1: नगरपालिकाको वडा बिभाजन, केन्द्र र जनसंख्या ८
तालिका 2: स्वीकृत संगठन संरचना वमोजिम जनशक्ति व्यवस्था........ ११
तालिका 3: हाल कार्यरत जनशक्तिको अवस्था........ ११
तालिका 4: नगरपालिकाको अचल सम्पतिको विवरण १२
तालिका 5: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था १८
तालिका 6: संभाव्य एकिकृत सम्पति करदाता तथा सम्पति कर........ २०
तालिका 7: व्यवसाय करको अनुमानित प्रक्षेपण २२
तालिका 8: वहाल करको अनुमानित प्रक्षेपण........ २४
तालिका 9: सरकारी स्वामित्तको बहाल र बिक्रीबाट हुने संभाव्य आयको विवरण २८
तालिका 10: फोहोरमैला व्यवस्थापन शुल्कको अनुमानित प्रक्षेपण........ ३०
तालिका 11: राजश्व परामर्श समितिको विवरण........ ३३
तालिका 12: नगरपालिकाको आयको अवस्था........ ३६
तालिका 13: कुल आयमा नगरपालिकाको आन्तरिक आयको योगदान........ ३७
तालिका 14: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति ४१
तालिका 15: राजश्व प्रशासन सुधार योजना ४३
तालिका 16: कर राजश्व सुधार योजना........ ४५
तालिका 17: गैर कर राजश्व सुधार योजना........ ४७
तालिका 18: आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार ५०
तालिका 19: आगामी ३ आर्थिक बर्षको आय प्रक्षेपण........ ५२
तालिका 20: अपेक्षित आय संरचना........ ५५
तालिका 21: अनुगमन तालिका........ ५७

परिच्छेद - एकः परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले नेपालमा तीन तहका सरकारको व्यवस्था गरेको छ। यस अनुरुप ७५३ स्थानीय तहको (गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका) निर्वाचन सम्पन्न भै संविधानले व्यवस्था गरे वमोजिम अनुसूचि ८ अनुसार निसृत गरिएका काम कर्तव्य र जिम्मेवारीहरु निर्वाह गर्दै आईरहेको छन्। नेपालको संविधानले यी तीन तहका सरकारका वीच समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्धद्वारा सहकारी मोडेलको संघीयता कार्यान्वयनमा रहेको छ।

नेपालको लागि संघीयता नौलो अभ्यास हो। यसको सफल कार्यान्वयनका लागि सबै तहमा यसको अवधारणा, कार्यान्वयन र भूमिकाबारे थप प्रस्टता आवश्यक छ। यसका लागि निर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलतासाथ सम्पादन गरी नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुऱ्याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै स्थापना भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरी सुधारका क्षेत्रहरुको पहिचान गरी तदअनुरुप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु संचालन गर्दै लैजानु आवश्यक छ। यसका साथै, स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तिय रुपमा सवल र सक्षम वनाउन राजश्व परिचालन सम्बन्धी ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ।

१.२ योजनाको औचित्य

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरु पुरा गर्नुपर्ने अवस्था छ। यस प्रयोजनका लागि स्थानीय सरकारलाई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजश्वका आधारहरु तयार गर्ने अधिकार निहित रहेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय सरकारलाई आफ्नो क्षेत्रमा कर गैर कर संकलन गर्नसक्ने अधिकार रहेको छ। तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, स-साना व्यवसायहरुमा कर लागू गर्दा हुनसक्ने संभावित अलोकप्रियता, स्थानीय सरकारलाई प्राप्त हुन आएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्क्ता महसुस नहुनु जस्ता कारणहरुले गर्दा आफ्नो अधिकार क्षेत्र भित्र रहेर स्थानीय तहले अपेक्षित रुपमा राजश्व संकलन गर्न सकिरहेको अवस्था छैन। यसरी स्थानीय सरकारहरुले वित्तीय संघीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागू गरी कार्यान्वयन गराई आफ्नै राजश्व आधार तयार गर्ने सहयोग पुऱ्याउनु नै यस राजश्व सुधार कार्ययोजना तर्जुमाको मुख्य ध्येय रहेको छ।

१.३ योजनाको उदेश्यहरु

मन्थली नगरपालिकाको आन्तिरक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरु न्यूनिकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ बर्षको आय प्रक्षेपणमा

नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उदेश्य हो । यस कार्यक्रमका सहायक उदेश्यहरु देहाय अनुसार रहेका छन् ।

१) कर, गैर कर तथा प्रचलित कर प्रणाली वारे स्थानीय तहको बुझाईमा प्रस्टता ल्याउने ।
२) स्थानीय तहलाई संविधान प्रदत्त अधिकार, कामको जिम्मेवारी, राजश्व अधिकार, अन्तरसरकारी वित्तीय हस्तान्तरण, सार्वजनिक खर्चका लागि ऋण लिने अधिकार जस्ता अवधारणा र व्यवस्था वारे अनुशिक्षण प्रदान गर्ने ।
३) संघ, प्रदेश स्थानीय सरकारका एकल र राजश्व अधिकारका साझा अधिकार क्षेत्रबारे प्रस्टता ल्याउने।
४) राजश्व तथा करको दायराहरु खोजि तथा पहिचान गर्न सहयोग पुऱ्याउने तथा राजश्व प्रक्षेपणका वैज्ञानिक विधिहरु, कर निर्धारण प्रक्रिया, राजश्व निर्धारणका आधारहरु वारे स्थलगत रुपमा अभ्यास गराई वैज्ञानिक कर प्रणाली लागू गर्न सक्षम बनाउने ।
५) Coaching and Mentoring विधिको अवलम्वन गर्दै स्थानीय सरकारका विशेष गरी राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई राजश्व प्रक्षेपणका विधिहरु बारे व्यवहारिक रुपमा राजश्वको अवस्था र संभाव्यता विश्लेषण गर्न सहयोग पुऱ्याउने ।
६) स्थानीय तहको कम्तिमा ३ बर्षको राजश्व सुधार कार्ययोजना निर्माण गर्ने

१.४ योजना तर्जुमा विधि र प्रक्रया

१.४.१ पृष्ठभूमि

मन्थली नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ तथा बागमती प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरबाट प्राप्त यस योजना तर्जुमाको कार्यक्षेत्रगत शर्त (Terms of references) मा उल्लेख भएको तर्जुमा विधि र मार्गनिर्देशनलाई आधार मानिएको छ ।

विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को बिषम परस्थिति र लकडाउनको कारण नगरपालिकामा गर्नुपर्ने कतिपय स्थलगत सर्भे, छलफल, अन्तरक्रिया सम्भव नभएकोले ईन्टरनेट प्रविधिको प्रयोग गरी जुम मिटिङबाट बागमती प्रदेश सुशासन केन्द्रका प्रमुख तथा विज्ञहरु, नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु, सम्बन्धित समितिहरु र सरोकारवालाहरुसंग भर्चुअल मिटिङ र छलफलहरु सम्पन्न गरिएको थियो । यस्ता छलफल तथा मिटिङहरुमा सबै सहभागिहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको छ । यसका साथै आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजश्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरुको आवश्यक परिमार्जन र प्रयोग गरिएको थियो । योजना तर्जुमा प्रकृयाको चरणमा आवश्यक्ता अनुसार नगरपालिकाका राजश्व र प्रशासनका शाखा कर्मचारीहरु, प्रमुख प्रसाशकिय अधिकृत, जनप्रतिनिधिहरु, राजश्व समितिका पदाधिकारहरुसंग टेफिफोन संवाद समेत गरिएको थियो । सूचना तथा तथ्याङ्क संकलनको लागि तयार गरिएको तथ्याङ्क संकलनको चेकलिष्ट र फाराम अनुसूची ३ र ४ मा राखिएको छ । योजना तर्जुमा क्रममा नेपाल सरकारले तोकेको कोभिड-१९ सम्बन्धि सुरक्षा मादपण्ड र निर्देशिकाहरु पूर्ण रुपमा पालना गरिएको थियो । यस नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु यस प्रकार रहेका छन् ।

१.४.२ सन्दर्भ सामाग्री अध्ययन

यस चरणमा परामर्शदाताबाट राजश्व सुधार कार्य योजनासंग सान्दर्भिक विभिन्न सन्दर्भ सामाग्री, दस्तावेज, प्रतिवेदन, ऐन, कार्यविधि आदिको संकलन तथा अध्ययन गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छः

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचाल ऐन, २०७४ (संशोधन सहित)
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६
- स्थानीय तहको वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६
- मन्थली नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०७६/७७
- मन्थली नगरपालिकाको आर्थिक ऐन, २०७७
- मन्थली नगरपालिकाको बिगत ३ बर्षको आयको विवरण
- मन्थली नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदनहरु

१.४.३ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल

यस मन्थली नगरपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्दिष्ट गरेको उद्वेश्य प्राप्त गर्नको लागि परामर्शदाताका प्राविधिक र विज्ञहरुलाई वागमती प्रदेश सुशासन केन्द्रको तर्फबाट जेष्ठ २० र २७, २०७८ मा योजना तर्जुमा सम्बन्धि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिएको थियो । कोभिड-१९ को कारणले लकडाउनको अवस्था भएकोले यस्ता अभिमुखीकरण कार्यक्रमहरु अनलाईन भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेश सुशासन केन्द्रमा कार्यकारी निर्देशक लगायत अन्य सम्बन्धित कर्मचारी, राजश्व सुधर योजना तर्जुमा टोलिका टोलि प्रमुख, विषय विज्ञ आदिको सक्रिय सहभागिता रहेको थियो । त्यसैगरी, परामर्शदाताको तर्फबाट समेत नगरपालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, राजश्व परामर्श समितिका पधाधिकारीहरु लगायत राजश्व शाखाका कर्मचारीहरुलाई मिति २०७८/०३/०२ मा भर्चुअल माध्यहरुबाट राजश्व सुधार कार्ययोजनाको उदेश्य र योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम र छलफलहरु सम्पन्न गरिएको थियो (जुम मिटिङको फोटो अनुसूची ५ मा राखिएको छ) ।

नगरपालिकाका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजश्व र लेखा शाखाका कर्मचारीहरुसंग फोन, इमेल तथा अन्य विद्युतीय माध्यमबाट सम्पर्क गरी नगरपालिकाले हालसम्म परिचालन गरि आएका करहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको बर्तमान संरचना वारे जानकारी लिनुका साथै राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियावारे जानकारी गराई नगरपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो । यसैक्रममा कोभिड १९ को समस्या बढ्दै गई बैशाख १६, २०७८ बाट देशव्यापी बन्दावन्दीको घोषणा भएपछि राजश्व सुधार कार्ययोजना तर्जुमा कार्य बैकल्पिक विधि प्रयोग गरी सम्पादन गर्न सूचना तथा संचार प्रविधिलाई उपयोग गर्ने रणनीति अवलम्बन गरियो । राजश्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्य जिम्मेवारी निर्धारण गरी आवश्यक सूचना संकलन फाराम नगरपालिकामा पठाई सो सम्बन्धमा इमेल, टेलिफोन तथा जुम प्रविधिमार्फत स्पष्ट गराई गणक समेत व्यवस्था गरी सम्बन्धित सूचना, सामग्रीहरु नगरपालिकाले संकलन गरी पठाउने प्रतिवद्धता प्राप्त

भएको थियो । प्राप्त सूचनाका आधारमा राजश्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको थियो ।

१.४.४ तथ्यांक तथा सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न विधिहरुको प्रयोग गरी आवश्यक तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । नगरपालिकाबाट संकलन गर्नुपर्ने तथ्याङ्क र अन्य विभिन्न योजना दस्तावेज, विगतका बार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आय तथा व्ययको विवरण, आर्थिक ऐन, विनियोजन ऐन, अन्य नीति तथा कानूनहरु असार १२, २०७८ मा नगरपालिका भ्रमण गरी परामर्शदाताबाट पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा संकलन गरिएको थियो (तथ्याङ्क संकलनको फोटोहरु अनुसूची ६ मा राखिएको छ) । नगरपालिकाबाट निम्न दस्तावेज र सूचनाहरु संकलन गरिएको थियोः

१) विगत ३ आर्थिक बर्षको आय व्ययको यथार्थ विवरण
२) चालु आर्थिक बर्षको आर्थिक ऐन र बजेट
३) गत बर्षको बार्षिक प्रगति प्रतिवेदन
४) राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
५) आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
६) आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
७) संगठन संरचना तथा कर्मचारीको विवरण ।
८) नगरपालिकाको भौतिक अवस्था ।
९) राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
१०) कार्यकक्ष तथा कार्य स्थलको पर्याप्पता ।
११) फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
१२) राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
१३) कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
१४) वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

तथ्याङ्क तथा सूचना संकलनको विस्तृत चेकलिष्ट अनुसूची ३ मा राखिएको छ ।

१.४.५ मस्यौदा प्रतिवेदन तयारी

मस्यौदा प्रतिवेदन उपर सुझाव संकलनको लागि परामर्शदाताद्वारा २०७८ श्रावण ११ मा मंन्थली नगरपालिकाको कार्यालयमा एक दिने कार्यशाला गोष्ठी आयोजना गरी मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरिएको थियो । नगरका उप-प्रमुखको (नगरपालिकाको राजश्व परामर्श समितिका संयोजक) अध्यक्षतामा संचालन भएको कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, लेखा अधिकृत, ईन्जिनियर, सम्बन्धित शाखाका कर्मचारीहरु, परामर्शदाताका टोलि नेता/विज्ञ लगायत बागमती प्रदेश सुशासन केन्द्रका उप-निर्देशक र विषय विज्ञको समेत सहभागिता रहको थियो (मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको फोटो र माईन्यूट अनुसूची ७ र ८ मा राखिएको छ) । परामर्शदाताका विज्ञद्वारा राजश्व अधिकार सम्बन्धी विद्यमान कानुनी व्यवस्था, नगरपालिकाको आन्तरिक

आय परिचालनको वर्तमान अवस्था, आन्तरिक आय परिचालनको प्रमुख क्षेत्र र संभावनाको विश्लेषण, आय संकलनको संस्थागत क्षमता र विगतको आय परिचालनको अवस्था, राजश्व सुधार कार्ययोजना र मस्यौदा प्रतिवेदनले प्रक्षेपणको गरेको नगरपालिकाको आगामी तीन बर्षको राजश्व प्रक्षेपण सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो भने सहभागीहरुको आन्तरिक आय र राजश्व संकलन सम्बन्धी जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो । प्रस्तुतीकरणको अन्त्यमा नगरपालिकाका प्रमुखद्वारा परामर्शदातालाई मस्यौदा प्रतिवेदन उपर प्राप्त सुझावहरुलाई अन्तिम प्रतिवेदनमा समावेश गर्न अनुरोध गर्दै यस प्रतिवेदनले दिएका सुझाव, कार्यनीति र रणनीतिहरुलाई नगरपालिकाले सम्भव भएसम्म क्रमश लागू गर्दै राजश्वको प्रक्षेपित लक्ष्य हासिल गर्ने मन्तव्य व्यक्त गर्नु भै परामर्शदातालाई धन्यवाद प्रदान गर्नु भएको थियो भने नगरपालिकाका उप-प्रमुखले राजश्व सुधार कार्ययोजनाले तर्जुमा गरेका योजनाहरुलाई आत्मसाथ गर्दै नगरपालिकाको राजश्व सुधार हुने अपेक्षा साथ कार्यक्रम समापन गर्नु भएको थियो ।

१.४.६ अन्तिम प्रतिवेदन पेश

मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणबाट प्राप्त सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यस राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

१.५ अध्ययन सिमाहरु

नगरपालिकाको राजश्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएतापनि सिमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समय र कोभिड-१९ को बिषम परिस्थितिका कारण यस अध्ययनका सिमाहरु देहाय अनुसारका रहेका छनः

क) अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।

ख) नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग छलफल गरी संकलन गर्नुपर्ने कतिपय तथ्याङ्क तथा सूचनाहरु कोभिड-१९ को बिषम परिस्थितिले गर्दा टेलिफोन अन्तरवार्ता, अनलाईन भर्जुअल मिटिङ तथा छलफलहरुबाट प्राप्त गरिएको छ ।

ग) नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

घ) संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन।

ङ) नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्यांङकन दरमा हुने वृद्धि तथा राजश्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद - दुईः नगरपालिकाको सक्षिप्त परिचय

२.१ परिचय

नेपाल सरकारद्धारा रामेछाप जिल्लाको सदरमुकाममा अवस्थित मन्थली नगरपालिका तत्कालिन ७ वटा गाउँ विकास समितिहरु (मन्थली, कठजोर, सालु, सुनारपानी, भलुवाजोर, भटौली र चिसापानी) लाई समायोजन गरेर १६ वटा वडाहरु रहने गरी २०७१ मसिर १६ गते घोषणा गरिएको थियो । नेपालको सविधान वमोजिम राज्यको पुन: सरचना हुने क्रममा नेपाल सरकारले २०७३ साल फाल्गुण २७ गतेवाट लागु हुने गरी तत्कालिन नगरपालिकाका वडा सहित क्रमशः पुरानागाँउ, चनखु, गेलु र फुलासी गाँउ विकास समितिलाई समेत समावेश गरी १४ वटा वडा भएको नगरपालिकाको रुपमा स्थापित भएको छ ।

यो नगरपालिका वागमती प्रदेश अन्तर्गत रहेको ११९ वटा स्थानीय तह मध्ये एक हो । यस नगरपालिकाको क्षेत्रफल २११.७७ वर्ग किलोमिटर रहेको छ । जसमध्ये कृषि भू-उपयोगका दृष्टिले ७३३६ हेक्टर जमीन छ जसमा सिंचित जमीन १३५६ हेक्टर र असिंचित जमिन ४५१३ हेक्टर छ । यस नगरपालिकाको औषत तापक्रम २० देखि २५ डिग्री सेल्सियस रहेको छ । गर्मी याममा अधिकतम ३२ डिग्री सेल्सियस र न्यूनतम २ डिग्री सेल्सियस रहने गर्दछ । यस नगरपालिकामा कम उचाइ भएका सुनकोशी नदी, तामाकोशी नदी, भटौली र रणजोर खोला आसपासका वस्तीहरुमा उष्ण मौसमी हावापानी र यसका अलवा नगरपालिकाका अधिकांश भूभागमा न्यानो समशीतोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको भौगोलिक स्वरुप निकै भिरालो रहेकोले वर्षायाममा भू-क्षय र पहिरो निकै जाने गर्दछ । रणजोर खोलाको सिरमा रहेको घ्याप्चे पहिरो ठूलो र अनौठो रुपमा रहेको छ । यो पहिरो वर्षायाममा रोकिने र सुख्खा याममा निरन्तर गइरहने गर्दछ । यस पहिरोले वडा न ३ र ४ का अधिकांश वस्ती विस्थापित गर्नुका साथै सदरमुकामलाई समेत जोखिम युक्त वनाएको छ ।

२.२ नामाकरण

मन्थलीको नामाकरणको सन्दर्भमा स्थानीय माझी जातिसँग जोडिएको कथा गाँसिएको छ । विशेषगरी आदिम कालदेखि मन्थलीको आसपास रहेका चिसापानी, मन्थली, भटौली, भलुवाजोर, पकरवास जस्ता तत्कालिन गाउँ विकास समितिका भू भागहरुमा माझी जातिहरुको वसोवास रहेको पाइन्छ । सो जातिको छुट्टै राजा हुने चलन अनुसार एक जना मन नामक राजा रहेको र राजा वस्ने थलोलाई मनथलो भनिएको र पछि सो शव्द अपभ्रंश भई मन्थली भएको मान्यता छ ।

त्यसैगरी प्राचिन किम्वदन्ती अनुसार विद्धत वर्गमा अर्को प्रसंग पनि पाईन्छ । आदिकालदेखि नै यस स्थानमा माझी जातिको वस्ती रहँदै आएको, जाडँ उनीहरुको मुख्य पेय भएको र माझी भाषामा मुन भनेको जाडँ र थलो भनेको खान बस्ने ठाउँ भन्ने बुझाउने भएकाले यसलाई जाडँ खाने र बस्ने स्थानको रुपमा पनि मन्थलो भन्न थालिएको र यसै शब्दको अपभ्रंशबाट मन्थली हुन गएको हो । मन्थली भन्ने स्थान खासगरी गाउँलाई जनाउने भएतापनि समयक्रममा त्यसभन्दा तल रहेको बेसी पनि मन्थली बेसी भनेर चिनिन थालियो ।

२.३ भौगोलिको अवस्थिति

मन्थली नगरपालिका वामती प्रदेश अन्तरगत रामेछाप जिल्लामा रहेको छ । यो नगरपालिका जिल्लाको सदरमुकाम पनि हो । यस नगरपालिकाको पूर्वमा रामेछाप नगरपालिका, पश्चिममा खाँडादेवी र दोरम्वा गाँउपालिका, उत्तरमा लिखु तामाकोशी गाउँपालिका र दोलखा जिल्लाको मेलुङ्ग गाँउपालिका रहेको छ भने दक्षिणमा सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका रहेको छ । नगरपालिकाको कुल क्षेत्रफल २११.७७ वर्ग किलो मिटर (२११७७ हेक्टर) छ ।

२.४ प्रशासनिक एंव राजनैतिक विभाजन

रामेछाप जिल्लाको ८ वटा स्थानीय तह मध्ये मन्थली नगरपालिका जिल्लाको सदरमुकाममा अवस्थित छ । रामेछाप जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गराउन प्रदेश 'क' र 'ख' दुवै प्रदेश सभा सदस्य छनौट गर्न यस नगरपालिकाका मतदाताहरुको सहभागिता रहन्छ । जसमा प्रदेश सभा सदस्य 'क' का लागि वडा न ३, ४ र ५ का मतदाताहरु र प्रदेश सभा सदस्य 'ख' का लागि वडा न १, २, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ सहभागी हुने व्यवस्था छ । यस नगरपालिका १४ वटा वडाहरुमा विभाजित छन् । नेपालको संविधानले निर्दष्ट गरे वमोजिम व्यवस्थापिकाको रुपमा यस नगरपालिकाको ७५ सदस्यीय नगर सभा रहेको छ । जसमा नगर प्रमुख, नगर उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडावाट निर्वाचित ४ जना सदस्य, दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका ३ जना सदस्य रहेको नगर सभा गठन भएको छ । त्यसै गरी कार्यपालिकाको रुपमा नगर प्रमुख, नगर उपप्रमुख, प्रत्येक वडाका वडाध्यक्षहरु, नगर सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका ३ जना सदस्य सहित २४ सदस्यीय कार्यपालिका गठन भएको छ । त्यस्तै न्याय निरुपणका लागि उपप्रमुखको संयोजकत्वमा नगर सभावाट आफूमध्येबाट निर्वाचित गरेका २ जना सदस्य रहेको न्यायिक समिति गठन भएको छ । नगर सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति र सुशासन समितिका साथै नगर कार्यपालिकावाट सम्पादन हुने कार्य व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्ने प्रयोजनार्थ कार्यपालिकाले कार्यपालिका सदस्यहरुको संयोजकत्वमा सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र विधेयक समिति गठन भएको छ ।

तालिका 1: नगरपालिकाको वडा बिभाजन, केन्द्र र जनसंख्या

वडा नं	साविक नपा/गाविस	साविक वडा नं	विशेष संरक्षित वा स्वायत्त क्षेत्र	क्षेत्रफल	वडा कार्यालय रहेको स्थान	जनसंख्या
१	मन्थली नपा	१, २	माँझी संरक्षित क्षेत्र	१०.९४	मन्थली बजार	६२६५
२	मन्थली नपा	३, ४		१२.१५	टेकनपुर, थापागाँउ	३३२५
३	मन्थली नपा	५, ६		१४.४८	कठजोर, ठाँटी	२६९५
४	मन्थली नपा	७, ८		१९.८६	सालु बजार	३६१२
५	मन्थली नपा	९, १०		१२.९४	सुनारपानी	२१४१
६	मन्थली नपा	११, १२	माँझी संरक्षित क्षेत्र	३१.५९	कुनाउरी	३४९६

वडा नं	साविक नपा/गाविस	साविक वडा नं	विशेष संरक्षित वा स्वायत्त क्षेत्र	क्षेत्रफल	वडा कार्यालय रहेको स्थान	जनसंख्या
७	मन्थली नपा	१३, १४	माँझी र वादी संरक्षित क्षेत्र	२५.४८	भटौली	३९३६
८	मन्थली नपा	१५, १६		१०.०२	जिसापानी सानाचौर	३१८७
९	पुरानागाँउ गाविस	१-९		११.७२	सिम्ले	३००८
१०	चनखु गाविस	१-९		१३.१६	चनखु पाखे सिम्ले	२३६६
११	गेलु गाविस	५-९		१८.३३	वुडाबुडी ढुंगा	३००९
१२	गेलु गाविस	१-४		७.८५	सित्राल	२६४३
१३	फुलासी गाविस	१-५		११.७३	चिण्डे	२९७४
१४	फुलासी गाविस	६-९		११.५२	कर्जाङ	२७५९
जम्मा				२११.७७		४५४१६

स्रोतः मन्थली नगरपालिका, २०७८

२.५ जनसंख्या तथा जातजातीहरु

राष्ट्रिय जनगनना २०६८ का अनुसार यस नगरपालिकाको जनसंख्या ४५४१६ छ जसमा पुरुषको संख्या २०७५० (४५.६८%) र महिलाको संख्या २४६६६ (५४.३२%) छ। नगरपालिकामा कुल १००९९ घरधुरी रहेका छन भने सरदर घरधुरी संख्या ४.५ रहेको छ। नगरपालिकाको लैंगिक अनुपात ८४.१२ र जनघनत्व २१८.९७ रहेको छ । क्षेत्री, नेवार, तामाङ, मगर, ब्राम्हण, सार्की, माझी, दमाई/ढोली, कामी, सन्यासी/दशनामी, घर्ती/भुजेल यहाँका प्रमुख जातजातीहरु हुन। २०७७ सालमा नगरपालिकाको जनसंख्या ५१२४२जनसख्या हुने प्रक्षेपण गरिएको छ।

२.६ शिक्षा तथा स्वास्थ्य

मन्थली नगरपालिका जिल्लाको सदरमुकाम भएतापनि यहाँको शिक्षाको स्तर खासै राम्रो छैन। राष्ट्रिय जनगणना २०६८ का अनुसार नगरपालिकाको साक्षरता केवल ६४.४९% छ जुन राष्ट्रिय साक्षरता दर (६६%) भन्दा कम छ। नगरपालिकाको कुल साक्षर जनसंख्या मध्ये पुरुषको साक्षरता ७५.६३% र महिलाको साक्षरता ५५.२०% छ । तर राष्ट्रिय जनगणना भएको करिब १० बर्ष भैसकेकोले हाल नगरपालिकाको साक्षरता ६५% भन्दा माथि रहेको अनुमान लगाउन सकिन्छ। हाल नगरपालिकामा ५० वटा आधारभूत विद्यालय (४७ सामुदायिक र ३ संस्थागत), २२ वटा माध्यमिक विद्यालय (१९ वटा सामुदायिक र ३ संस्थाग), ८० वटा वाल विकास केन्द्र, ९ वटा सिकाई केन्द्र, १ प्राविधिक शिक्षालय, १ क्याम्पस र १ विशेष शिक्षा स्रोत १ कक्षा संचालनमा रहेका छन्। पहाडी भौगोलिक वनावट र विद्यालयसम्म पुग्नको लागि सडक तथा यातायातको अभावले गर्दा नगरवासीहरुको विद्यालयसम्मको पहुँच कठिन रहेको छ।

जिल्लाको सदरमुकाम र प्रमुख व्यापारिक केन्द्र भएकोले मन्थली नगरपालिकामा जिल्लाका अन्य स्थानीय तह र बजार केन्द्रहरु भन्दा स्वास्थ्यको अवस्था राम्रो रहेको छ। यहाँ २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ९ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य चौकी, ८ वटा शहरी स्वास्थ्य केन्द्र, १ आयुर्वेदिक स्वास्थ्य केन्द्र, १ सहकारी अस्पताल, २ नीजि अस्पताल र ३ पोलिक्लिनिकहरु संचालनमा छन्। तर स्तरिय ल्याव सेवा,

डाक्टर र अन्य स्वास्थ्य पुर्वाधारहरुक अभावमा अहिलेपनि नगरवासीहरु गम्भिर प्रकारको रोगको उपचारको लागि धुलिखेल अस्पताल, भक्तपुर अस्पताल र काठमाण्डौका अस्पतालहरु जानु पर्ने वाध्यता रहेको छ ।

२.७ सडक तथा यातायात

सडक तथा यातयातको दृष्टिकोणले हेर्दा मन्थली नगरपालिका सुगम छ । मन्थली नगरपालिका नयाँपुल तामाकोशीबजार-मन्थली-खुर्कोट (लामासाँघु रामेछाप राजमार्ग) पक्की राजमार्गले जोडिएको छ । मन्थली बजारबाट १७ किमि को दुरीमा रहेको खुर्कोटमा यो राजमार्ग विपि राजमार्गसंग जोडिएकोले राजधानी काठमाण्डौ लगायत तराईका जिल्लाहरु र दोलखाको चरीकोट र जिरीसम्म नै मन्थलीको सहज पहुँच रहेको छ । मन्थलीबजार राजधानी काठमाण्डौ लगायत, वनेपा, धुलिखेल, सिन्धुली, वर्दिबास, जनकपुर, चरिकोट लगायतका स्थानहरुमा नियमित बस र जिपहरु संचालनमा रहेका छन् । बस, ट्रक, टिपर, ट्र्याक्टर, मिनिट्रक, टेम्पो, भेन, पिकअप, मोटरसाइकल आदि यहाँका प्रमुख यातायातका साधनहरु हुन । मन्थली नगरपालिकामा एक मन्थली विमानस्थल समेत रहेको छ । उक्त विमान्थलबाट तारा र सिता एरबाट हिमाली जिल्लाका लुक्ला र काठमाण्डौमा चार्टर फ्लाइट हुने गरेक छ ।

बाह्रै महिना संचालनमा आउन नसकेका वडा कार्यालय जोड्ने सडक निर्माण र स्तरउन्नती गरी संघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा मन्थली बजार क्षेत्र भित्रका सडकहरु कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । नगरभित्रका मुख्य सडकहरु मध्ये मन्थली सुनारपानी सालु, भुत्याखोला टेकनपुर कठजोर ठाटी सडक, चिसापानी गेलु सिक्राल सडक, चिसापानी पुरानाँगाउँ सडक, चिसापानी चनखु सडक, देविटार फुलासी सडक, आकासेपुल भटौली सडक, मन्थली भलुवाजोर सडक र मन्थली सानी मदौ राहालटार सालु सडक कालोपत्रे गर्ने कार्य शुरु भई क्रमागत योजनाको संचालन भैरहेको छ । हालसम्म नगरपालिका भित्र संघ, प्रदेश र यस नगरपालिका समेतको लगानीमा ३८.५ किलो मिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने ३१ किलो मिटर सडक ग्राभेल तथा सोलिङ्ग गरिएको छ ।

२.८ धार्मिक तथा पर्यटकिय स्थलहरु

मन्थली नगरपालिका भित्र केहि प्रसिद्ध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु छन् । वामचुराको वैरामहादेव (थानपति मन्दिर), चिसापानीको भिमसेन थान र चिसापानी गढी, कठजोरको ऐराम्वास मन्दिर, सुनारपानीको थानपती मन्दिर, भलुवाजोरको तिल्केस्थानगढी, भटौलीको ढिकुरे मन्दिर नगरपालिकाको पर्यटकिय महत्व बोकेका अमूल्य धार्मिक तथा साँस्कृतिक धरोधरहरु हुन ।

२.९ मानव संसाधनको अवस्था

नेपालको संविधान वमोजिम प्रदेश र स्थानीय तहहरु निर्माण भएपछि उक्त निकायहरुवाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन २०७४ वमोजिम राज्यवाट जारी विभिन्न ऐन कानुनको परिधि भित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु र विभिन्न सेवाहरु संचालनार्थ नगरपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस

नगरपालिकाको जनशक्तिको रुपमा रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्ने व्यवस्था रहेको र सो को आधारमा दफा ८३ को ३ वमोजिम तयार भएको संगठन संरचना मिति २०७६ पौष २६ गतेको छैटौ नगर सभावाट स्वीकृत भई कार्यान्वयन हुदै आएको छ (अनुसूची १: छैटौ नगर सभावाट स्वीकृत नगरपालिकाको दरबन्दी चार्ट) । यसैको आधारमा उपलव्ध जनशक्तिको परिचालन गरिएको छ । मन्त्रालयवाट प्राप्त संगठन संरचना र छैटौ नगर सभावाट स्वीकृत संगठन संरचना अनुरुप जनशक्तिको तुलनात्मक अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ (अनुसूची २: मन्त्रालयबाट स्वीकृत नगरपालिकाको दरबन्दी चार्ट)

तालिका 2: स्वीकृत संगठन संरचना वमोजिम जनशक्ति व्यवस्था

क्र.स.	सेवा	मन्त्रालयबाट				छैटौ नगरसभाबाट			
		९/१० तह	६/७/८ तह	४/५ तह	जम्मा	९/१० तह	६/७/८ तह	४/५ तह	जम्मा
१	प्रशासन	१	३	२१	२५	१	३	२५	२९
२	शिक्षा प्रशासन	१	१	१	३	१	१	१	३
३	ईन्जिनियरिंग	१	१	१७	१९	१	२	२१	२४
४	आर्थिक प्रशासन	-	१	२	३	-	१	२	३
५	स्वास्थ्य सेवा	-	३	-	३	-	१	२	३
६	कृषि सेवा	-	१	३	४	-	-	८	८
७	भेटनरी	-	१	७	८	-	-	८	८
८	कानुन	-	-	-	०	-	१	१	२
९	आन्तरिक लेखा परीक्षण	-	-	१	१	-	-	१	१
१०	विविध	-	-	३	३	-	१	१	२
जम्मा		३	११	५५	६९	३	१०	७०	८३

स्रोतः मन्थली नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन, २०७६/७७

स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियक्ति कानूनले तोके वमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ । यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ ।

तालिका 3: हाल कार्यरत जनशक्तिको अवस्था

क्र.स.	सेवा	स्थायी कर्मचारी				करार सेवामा कार्यरत कर्मचारी			
		९/१० तह	६/७/८ तह	४/५ तह	जम्मा	९/१० तह	६/७/८ तह	४/५ तह	जम्मा
१	प्रशासन	१	२	१४	१७			६	६

क्र.स.	सेवा	स्थायी कर्मचारी				करार सेवामा कार्यरत कर्मचारी			
		९/१० तह	६/७/८ तह	४/५ तह	जम्मा	९/१० तह	६/७/८ तह	४/५ तह	जम्मा
२	शिक्षा प्रशासन	१	१		२				०
३	ईन्जिनियरिंग		१	१२	१३			५	५
४	आर्थिक प्रशासन		२	१	३				०
५	स्वास्थ्य सेवा		३		३				०
६	कृषि सेवा			१	१				०
७	भेटनरी			२	२			१	१
८	कानुन				०		१		१
९	आन्तरक लेखा परीक्षण			१	१				०
१०	विविध			२	२			१	१
जम्मा		२	९	३३	४४		१	१३	१४

स्रोतः मन्थली नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन, २०७६/७७

माथि उल्लेखित बाहेक सवारी चालक ६ जना (हलुका, हेभी, ट्र्याक्टर, एन्बुलेन्स, जेसीभी), कार्यालय सहयोगी २० जना, नगर प्रहरी ६ जना, पाले २ जना लगायतका पदहरुमा ज्यालादारी एवं करार सेवामा पदपूर्ति गरिएको छ । माथि उल्लेखित बाहेक सवारी चालक ६ जना (हलुका, हेभी, ट्र्याक्टर, एन्बुलेन्स, जेसीभी), कार्यालय सहयोगी २० जना, नगर प्रहरी ६ जना, पाले २ जना लगायतका पदहरुमा ज्यालादारी एवं करार सेवामा पदपूर्ति गरिएको छ ।

संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा नगरपालिकाबाट संचालित परियोजनाहरु सुरक्षित आप्रवासन तथा रोजगार कार्यक्रम (सामी), प्रधानमन्त्री रोजगार कार्यक्रम, तरकारी तथा फलफुल मूल्य श्रृखला (VCDP), सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना र गरीवसंग विश्वेश्वर कार्यक्रममा कर्मचारी भर्ना गरी पदस्थापन गरिएको छ । जस अनुसार सामी परियोजनामा ८ जना, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत २ जना, तरकारी तथा फुलफुल मूल्य शृंखला (VCDP) कार्यक्रममा १ जना, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तरगत ३ जना र गरिवसंग विश्वेस्वर कार्यक्रम अन्तरगत १ जना कार्यरत छन् ।

२.१० भौतिक सम्पतिको अवस्था

मन्थली नगरपालिकाको कार्यालय वडा नं १ मन्थली बजारमा रहेको छ । नगरपालिकाको आफ्नै नव निर्मित पक्की भवन छ । नगरपालिकाको सम्पतिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका 4: नगरपालिकाको अचल सम्पतिको विवरण

क्र.स.	विवरण	एकाई
१	नगर कार्यपालिकाको भवन	१

क्र.स.	**विवरण**	**एकाई**
२	जिप	१ थान
३	ब्याक हो लोडर	१ थान
४	एम्बुलेन्स	१
५	टिफर	१
६	ट्र्याक्टर	१
७	मोटरसाईकल	१० थान

परिच्छेद - तीनः स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

३.१ राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसारको राजश्व अधिकार प्रत्यायोजन गरेको छः

- सम्पति कर
- भूमिकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरन्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ ।

क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकार

अ) कर

- <u>सम्पत्ति करः</u> आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)
- <u>भूमि कर (मालपोत)</u> आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)
- <u>घर जग्गा बहाल करः</u> कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- <u>व्यवसाय करः</u> पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- <u>सवारी करः</u> टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- <u>जडिबुटी, कवाडी र जीवजन्तु करः</u> आफ्नो क्षेत्रभित्र उन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

आ) शुल्क

- <u>बहाल बिटौरी शुल्कः</u> आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- <u>पार्किङ् शुल्कः</u> आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ् सेवा उपलब्ध गराए बापत ।

इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र संचालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बंजी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा *(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

ई) दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सा पास दस्तुर
- पंजीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

उ) बिक्री गर्न सक्ने (केहि नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

> **वन ऐन, २०७६**
>
> **प्रमाणीकरण मिति**
> २०७६।०६।२७
>
> संवत् २०७६ सालको ऐन नं. १२
>
> (२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ।
>
> **वनको विकासको लागि खर्च गर्नु पर्ने:** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।
>
> (२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ।

ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने दफा (दफा ११-४)

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४) ले स्थानीय तहलाई निम्न अनुसार वित्तिय अधिकार प्रदान गरेको छः

१) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरन्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने ।

ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँट गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने ।

२) राजश्व बाँडफाँट

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
  - *आयोगले निर्धारिण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने ।*
  - *स्थानीय संचित कोषमा मासिक रुपमा प्राप्त हुने ।*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

३) अनुदान

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>सशर्त अनुदानः</u> कुनै योजना कार्यान्वियन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>समपूरक अनुदानः</u> पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वियन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

- <u>विशेष अनुदानः</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने

४) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था) ।
- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

मन्थली नगरपालिकाले आर्थिक बर्ष २०७७/७८ को लागि आर्थिक ऐन जारी गरी स्थानीय सरकारको कर तथा शुल्कहरु निर्धारण गरेको छ । नगरपालिकाको सोही ऐनको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई थप प्रस्ट पार्दछ ।

तालिका 5: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र.स.	आयका शिर्षकहरु	संभावना	दर	संकलन
क	**कर तर्फ**			
१	एकिकृत सम्पति कर	√	√	√
२	सवारी कर	√	√	√
३	व्यवसाय कर	√	√	√
४	सिफारिस दस्तुर	√	√	नभएको
५	घर जग्गा वहाल कर	√	√	√
६	विज्ञापन कर	√	-	√
७	मनोरन्जन कर	√	-	
ख	**गैरकर राजश्व**			
१	सवारी पार्किङ शुल्क	√	√	√

क्र.स.	आयका शिर्षकहरु	संभावना	दर	संकलन
२	फोहोरमैला व्यवस्थापन शुल्क	√	√	√
३	हाजबजार सेवा शुल्क	√	√	√
४	घर नक्शा पास दस्तुर	√	√	√
५	ढुंगा,गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क	√	√	√
६	सिफारिस तथा वक्यौनी दस्तुर	√	√	√
७	नाता प्रमाणित दस्तुर	√	√	√
८	अन्य प्रमाणित दस्तुर	√	√	√
९	दर्ता, अनुमति तथा नविकरण दस्तुर एफ एम रेडियो संचालन, घ वर्गको निर्माण ईजाजतपत्र, विद्यालय स्थापन, स्थानीय स्तरका व्यापारिक फर्म)	√	√	√
१०	अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि)	√	√	√
११	वहाल विटौरी शुल्क	√	√	√
१२	सवारी, पटके र पार्किङ कर	√	√	√
१३	सार्वजनिक शौचालय शुल्क	√	√	
१४	जग्गा रेखांकन दस्तुर	√	√	√
१५	सरकारी सम्पतिको वहालबाट आय	√	√	
१६	फोहोरमैला व्यवस्थापन शुल्क	√	√	
१७	पशुवधशाला सेवा शुल्क	√	-	
१८	सडक वत्ती सेवा शुल्क	√	-	
१९	ढल निकास सेवा शुल्क	√	-	√
२०	दण्ड जरिवाना	√		

माथी उल्लेख गरिएका शिर्षकहरु मध्ये करतर्फ एकिकृत सम्पति कर, व्यवसाय कर, घरजग्गा व्यवसाय कर र विज्ञापन कर संकलन भएको देखिन्छ भने गैरकर तर्फ सवारी पार्किङ शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क, हाटबजार सेवा शुल्क, नस्शापास दस्तुर, सिफारिस तथा बक्सौनी दस्तुर, ढुंगा गट्टी वालुवा विक्रि, नाता प्रमाणित दस्तुर, स्रोत परिचालन, बहाल विटौरी शुल्क आदिबाट भने कर संकलन भएको देखिन्छ । मन्थली जिल्लाको सदरमुकाम र मुख्य व्यापारिक केन्द्र भएकोले मनोरन्जन कर, विज्ञापन कर, सवारी कर, पर्यटन सवा शुल्क, ढल निकास, सडक बत्ति, मेसिन औजार भाडा, सार्वजनिक संरचना मर्मत संभार आदिबाट राजश्व संकलन हुने संभावना भएतापनि त्यसबाट हालसम्म कुनै असुली हुन सकेको छैन । ट्रेकिङ, कोयोकिङ, क्यानोईङ, वन्जी जम्पिङ, जिपफ्लायर आदिको कुनै पूर्वाधार नभएकोले हाललाई यसबाट कर असुली हुने संभावना देखिदैन । तर तामाकोशी नदिमा राफ्टिङको संभावना रहेकोले राफ्टिङको न्यूनतम पूर्वाधार निर्माणबाट राम्रो राजश्व संकलन हुनसक्ने देखिन्छ । सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिदैन । सरकारी सम्पत्ति (जेसीबी, ट्र्याक्टर) को बहाल लगाउन सकिने भएपनि हालसम्म सो शिर्षकबाट आय संकलन भएको छैन । अन्य शीर्षकका हकमा पनि सम्भावना छ तर असुली शुरु भएको छैन ।

३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावान विश्लेषण

३.३.१ स्थानीय कर राजश्व

क) एकिकृत सम्पति कर

हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा २ मा "नगगरपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर (भूमि कर समेत) लागू गरी कार्यान्वियन गरिने व्यहोरा उल्लेख गरिएको छ। एकिकृत सम्पति कर कार्यान्वयनका लागि नगरपालिकाले बेग्लै कार्यविधि नबनाएको भपतापनि आर्थिक ऐनको अनुसूची (१) मा २८ वटा क्याटेगोरीमा सम्पति करको दर निर्धारण गरिएको छ। जग्गाको मूल्याङ्कन गर्दा हाललाई मालपोत कार्यालयको जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि निर्धारण गरेको न्यूनतम मूल्याङ्कनलाई नै एकिकृत सम्पति कर प्रयोगनको लागि समेत न्यूनतम मूल्याङ्कन कायम गरी जग्गाको मूल्याङ्कन गरिएको छ। नगरपालिकाको बार्षिक प्रगति विवरणमा आ.व. २०७६/७७ मा सम्पत्ति करबाट रु.४० लाख आय हुने लक्ष्य रहेकोमा करिब १५ लाख बढि संकलन भै रु ५५,५२,७१५ संकलन भएको देखिन्छ। एकिकृत सम्पतिको दररेट न्यूनतम रु ५० (रु १ देखि २ लाखसम्मको) देखि अधिकतम रु ६२००० (रु ४ करोड ५० लाख देखि रु ५ करोड सम्मको) सम्म तोकिएको छ। रु ५ करोड भन्दा माथिको मूल्याङकनसम्म प्रति हजारमा रु २ थप लाग्ने व्यवस्था गरिएको छ।

संभावना

राष्ट्रिय जनगणना २०६८ का अनुसार मन्थली नगरपालिकामा १००९९ घरधुरी छन् भने ८९.३% घरको स्वामित्त आफ्नै रहेको देखिन्छ। तर बढदो शहरीकरण र वरीपरीका वस्ती, बजार केन्द्र र स्थानीय तहबाटबाट बसाईसरी आउने मानिसहरुको प्रवृतिलाई हेर्दा हाल नगरपालिकामा १२००० घरधुरी रहेको अनुमान गर्न सकिन्छ। विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा नगरपालिकामा आफ्नै स्वामित्वको जग्गामा घर भएका (करिब ९०%) घरधुरीको कुल १०८०० घरधुरीलाई सम्पत्ति करको करदाता गणना गर्न सकिन्छ। नगरपालिकाको अधिकांश क्षेत्र ग्रामीण भेगमा पर्ने भएकोले मन्थली बजार क्षेत्र बाहेक अन्य भेगका घरधुरीको एकिकृत सम्पतीको मूल्याङकन न्यून रहेको छ। मन्थली बजार वडा नं १ मा पर्ने र सो वडाका करिब ३५०० जति घरधुरी रहेकोले अनुमान गर्न सकिन्छ भने यहाँ एकिकृत सम्पतिको मूल्याङ्कन उच्च रहेको छ। तर नगरपालिकाले वडा तथा बजार/ग्रामिण क्षेत्र अनुसार एकिकृत सम्पतिको मूल्याङ्कन भने गरेको देखिदैन। नगरपालिकालको आर्थिक ऐन २०७७ ले २८ वटा क्याटोगोरीमा एकिकृत सम्पतिको मूल्याङ्कन गरी कर निर्धारण गरेको छ। उक्त मूल्याङकन दर अनुसार संभावित करदताहरुलाई ९ वटा क्याटागोरीमा विभाजन गरी संभाव्य एकिकृत सम्पतिको गणना निम्नानुसार गरी आगामी बर्षको लागि आय प्रक्षेपण गरिएको छ। गत बर्षको एकिकृत सम्पति करको उत्साहजनक बृद्धिदरलाई हेर्दा नगरपालिकाले आगामी केहि बर्षभित्रमा नै प्रक्षेपित एकिकृत सम्पति करको लक्ष्य पुरा गर्न सक्ने देखिन्छ।

तालिका 6: संभाव्य एकिकृत सम्पति करदाता तथा सम्पति कर

विवरण	घरधुरी	औसत दर	संभाव्य कुल आय
रु १ लाख देखि १० लाख सम्म	४५००	२००	९०००००
रु १० लाख देखि २५ लाख	३५००	५००	१७५००००
रु २५ लाख देखि ५० लाख	१३००	१५००	१९५००००
रु ५० लाख देखि ७५ लाख	८००	४०००	३२०००००
रु १ करोड देखि २ करोड	५००	१००००	५००००००
रु २ करोड देखि ३ करोड	१५०	१२०००	१८०००००
रु ३ करोड देखि ४ करोड	२५	१५०००	३७५०००
रु ४ करोड देखि ५ करोड	१५	२००००	३०००००
रु ५ करोड भन्दा माथी	१०	२५०००	२५००००
जम्मा	१०८००		१५५२५०००

सुधारका पक्षहरु

एकिकृत सम्पत्ति कर कार्यान्वयनका लागि नगरपालिकाले गर्नुपर्ने विषयहरु निम्नानुसार रहेको देखिन्छः

- आर्थिक ऐनमा उल्लेखित करको दर पुनर्विचार गर्ने ।
- एकिकृत सम्पत्ति कर सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि सचेतना तालिम संचालन गर्ने ।
- एकिकृत सम्पत्ति कर सम्बन्धी नगरवासीहरुलाई विभिन्न माध्यमहरुबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।
- विद्युतीय भूक्तानी प्रणाली क्रमश लागू गर्ने (ईसेवा, खल्ति आदि)
- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।

ख) व्यवसाय कर

हालको अवस्था

नगरपालिकाले आर्थिक ऐन २०७७ मार्फत् नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारका आधारमा आर्थिक ऐनको अनुसूचि (३) वमोजिम कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा १४७ प्रकारका व्यवसाय लगायत उत्पादनमूलक उद्योग र सेवा उद्योगहरुमा व्यवसाय करको दर निर्धारण गरेको छ । सबैभन्दा बढी आधारभूत तहको नयाँ बोर्डिङ तथा निजि विद्यालय दर्ता शुल्क रु. ५०,००० तोकिएको छ । त्यसैगरी बढी व्यवसाय कर निर्धारण भएका अन्य व्यवसाहरुमा वियर, डिष्टिलरी, ग्यास प्लाष्ट उद्योगहरुलाई रु. ४००००, रिसोर्ट र तारे होटललाइ रु. ३५०००, ईटा भट्टा र पेट्रोल डिजेल पम्पलाई क्रमश रु. २००००, “क” बर्गको निर्माण व्यवसायीलाई रु. १५०००, “क” बर्गको बैंकलाई रु. १०००० बार्षिक शुल्क तोकिएको छ । सबैभन्दा कम व्यवसाय कर भएका व्यवसायहरुमा होमस्टे तथा डोको नाम्लो, भकारी, प्लाष्टिक तथा वेतबासका सामानहरु बिक्रि गर्ने, माटोको भाँडाहर बनाउने,

घुम्ति तरकारी व्यवसायको रु. ५०० तोकिएको छ । मन्थली नगरपालिकाले आर्थिक बर्ष २०७६/६६ मा रु. १५,००,००० व्यवसाय कर संकलन गर्ने लक्ष्य राखेकोमा रु. २५,७१,९५० असुल भएको देखिन्छ जुन लक्ष्य भन्दा करिब १० लाख बढी देखिन्छ । ब्यवसाय दर्ता सम्वन्धी केहि सचेतना कार्यक्रमहरु गरेकोले यो बृद्धि सम्भव भएको देखिन्छ ।

संभावना

बागमती प्रदेशको स्थानीय तहको वस्तुस्थिति विवरण २०७६ (बागमती प्रदेश नीति तथा योजना आयोग) का अनुसार मन्थली नगरपालिकामा १३५३ वटा विभिन्न प्रकारका उद्योग व्यवसाय र १२७ वटा सहकारीहरु दर्ता भै संचालनमा रहेको देखिन्छ । नगरपालिकाको मन्थली बजार आसपास, मुख्य बजार केन्द्रहरु र राजमार्गको आसपास रहेका व्यापार व्यवसाय, उद्योग तथा बजार क्षेत्रमा स-साना होटल रेष्टुरेन्ट आदि हेर्दा यो संख्या अझ बढी रहेको अनुमान गर्न सकिन्छ । यस अनुसार उपलब्ध व्यवसाय र गाउँपालिकाको आर्थिक ऐन अनुसारको दररेट हेर्दा व्यवसायीको कर तिर्ने सामर्थ्य अनुसार व्यवसाय करको सम्भाव्यता निम्न अनुसार आँकलन गरिएको छः

तालिका 7: व्यवसाय करको अनुमानित प्रक्षेपण

क्र.स.	करदाता	संख्या	औसत करको दर	संभावित आय रु
१	ठुला उद्योगहरु	५	४००००	२०००००
२	घरेलु तथा साना उद्योगहरु	४०	१५०००	६०००००
३	मझौला तथा थोक व्यवसायहरु	१५०	१००००	१५०००००
४	होटल तथा रेष्टुरेन्ट	१२०	५०००	६०००००
५	संस्थागत (निजी स्कुल, पोलिक्लिन, बैंक, सहकारी)	२००	१००००	२००००००
६	साना तथा खुद्रा व्यापार)	८५०	१५००	१२७५०००
	जम्मा	१३६५		६१७५०००

सुधारका पक्षहरू

नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न प्रस्ताव गरिएको छः

- नगरपालिकामा संचालित व्यवसाय करको दर पुनरावलोकन गर्ने ।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा ब्यवसाय दर्ताका लागि घुम्ती शिविरलाई हरेक वर्ष निरन्तरता दिने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- कर शिक्षा कार्यक्रम संचालन गर्ने ।
- बढी कर तिर्ने व्यवसायीहरुलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने ।
- कर भुक्तानी प्रणालीलाई बैंक मार्तफ र अनलाईन गर्ने ।

ग) विज्ञापन कर

हालको अवस्था

विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन प्रचार-प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । मन्थली नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ मा नगरपालिका क्षेत्र भित्र हुने विज्ञापन सेवामा अनुसूची (१५) वमोजिम विज्ञापन कर असुल गर्न सकिने व्यवस्था गरिएको छ । तर हालसम्म नगरपालिकाले विज्ञापन कर वापत रकम संकलन गर्न सकेको देखिदैन ।

सम्भावना

मन्थली नगरपालिकाको मन्थली बजार र मुख्य राजमार्ग आसपास ठूला साना होर्डिङ बोर्डहरु राखिएका तर त्यस वापत नगरपालिकाले कुनै कर प्राप्त गर्न सकिरहेको छैन । मन्थली बजार र राजमार्ग आसपास ४०० वर्ग फिट सम्मका २५ वटा जति र १०० वर्ग फिट जतिका ६० होर्डिङ वा साइन बोर्डहरु राकिएका छन् । तिनीहरुको कर वापत प्रति वर्ग फिट औसत रु. ५० ले हिसाव गर्दा करिब रु. ७००००० विज्ञापन कर असुल हुने सक्ने देखिन्छ ।

सुधारका पक्षहरू

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- नगरपालिकाको अनुमति बिना जथाभावि रुपमा विज्ञापनका होर्डिकङ बोर्डहरु राख्न निषेध गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

घ) घरजग्गा वहाल कर

हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १५ मा वहाल करको व्यवस्था रहेको छ । मन्थली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, सेड, जग्गा, पोखरी, पार्क, हलभाडा लगायतका संरचना आंशिक तवरले वा अन्य कुनै आम्दानी हुने गरी वहालमा दिईएकोमा अनुसूची (१४) वमोजिम वहाल अंकको दश प्रतिशत वहाल कर लाग्ने व्यवस्था गरिएको छ । नगरपालिकामा व्यापारिक र आर्थिक गतिविधिहरु बढिरहेको तथा ठूला व्यापारिक भवनहरु निर्माण भैरहेको छन । तर संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानूनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र वहाल कर बुझाउने गरेको देखिन्छ । त्यसैले वहाल कर पूर्ण रुपमा कार्यान्वयन हुन सकेको खण्डमा यसबाट नगरपालिकाले मनग्ये कर संकलन गर्ने सक्ने देखिन्छ । नगरपालिकाले आ.व. २०७६/७७

मा यस शीर्षकवाट रु. १०,००,००० वहाल कर संकलन गर्ने लक्ष्य लिएकोमा रु. १७,०६,०२१ वहाल कर असुल भएको देखिन्छ जुन निक्कै उत्साहप्रद देखिन्छ ।

संभावना

संकलित तथ्यांक अनुसार नगरपालिका क्षेत्रमा करिव ७०० जनाले घरजग्गा वहालमा दिएको अनुमान छ । नगरपालिकाको विद्यमान घरजग्गा वहाल कर (१०%) को आधारमा विश्लेषण गर्दा देहाय बमोजिम वहाल कर संकलन हुने प्रारम्भिक अनुमान गर्न सकिन्छ ।

तालिका 8: वहाल करको अनुमानित प्रक्षेपण

क्र.स.	प्रयोजनका आधारमा वहालमा वस्ने	संख्या (क)	मासिक वहाल (ख)	बार्षिक वहाल (ग)	जम्मा वहाल असुली (घ)	वहाल कर (१०%)
				ख × १२	क × ग	
१	बैंक तथा वित्तिय संस्था	१३५	१००००	१२००००	१६२०००००	१६२००००
२	अन्य संघ सस्था	१५०	५०००	६००००	९००००००	९०००००
३	ठूला व्यवसायहरु	५	३००००	३६००००	१८०००००	१८००००
४	अन्य व्यवसायहरु	६०	३०००	३६०००	२१६००००	२१६०००
५	घरयासी प्रयोजनमा बस्नेहरु	३५०	२५००	३००००	१०५०००००	१०५००००
कुल		७००		६०६०००	३९६६००००	३९६६०००

सुधारका पक्षहरू

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

ङ) जडिबुटि, कवाडी र जिवजन्तु कर

हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७७ को अनुसूची ८, ९, १० र ११ मा जडिबुटि निकासी, पशुजन्य पदार्थ निकासी, वन पैदावार र कृषिजन्य पदार्थ निकासी कर लाग्ने व्यवस्था गरिएको छ । तर यी शीर्षकहरुमा नगरपालिकाले हालसम्म कुनै कर संकलन गर्न सकेको छैन । सबै प्रकारका जडिबुटिहरुको प्रति केजी ५० पैसा निकासी कर लाग्ने व्यवस्था आर्थिक ऐन २०७७ को अनुसूची ८ मा रहेको छ । प्रचलित कानुनले निषेधित गरे वाहेकका पशु, पंछी तथा पशुजन्य पदार्थहरुको निकासी वापत प्रति केजी रु २ (पशुपंछी) देखि र प्रति गोटा रु १०० (राँगा) सम्म निकासी कर तोकिएको छ । वन पैदावारको निकासी कर प्रति केजी रु १ देखि

काठबाट वनेका सामाग्रीहरुको प्रतिगोटा रु. ५० सम्म निकासी कर तोकिएको छ । आर्थिक ऐनको अनुसूची (११) मा कृषि जन्य वस्तुहरुको निकासी दर प्रति केजी १० पैसा देखि प्रति केजी रु ३ सम्म तोकिएको छ ।

संभावना

मन्थली नगरपालिका जिल्लाको प्रमुख बजार केन्द्र र सदरमुकाम समेत भएकोले शहरीकरण र बजारीकरण तिब्र रुपमा भैरहेको छ । जसले गर्दा कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने संभावना रहेको छ । त्यसैगरी जडिबुटीको संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । मन्थली नगरपालिकाका ग्रामिण भेगमा कुखुरा, खसी, बोका, राँगाहरुको पालनपोषण हुने भएकोले नगरपालिकाबाट वनेपा, धुलिखेल र राजधानी काठमाण्डौ उपत्यकामा मासु र छालाको निकासी हुन सक्ने संभावना समेत रहेको छ । त्यसैले यस नगरपालिकामा उल्लेखित शिर्षकमा कवाडी तर्फ १ लाख, जडिबुटी तर्फ ३ लाख, पशुजन्य पदार्थ तर्फ ६ लाख गरी १० लाखसम्म बार्षिक कर संकलन हुने प्रारम्भिक अनुमान गरिएको छ ।

सुधारका पक्षहरू

जडिबुटि, कवाडी र जिवजन्तु कर संकलनको लागि निम्न पक्षहरुमा सुधार ल्याउनुपर्ने देखिन्छः

- व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुहरुको व्यवसायिक कारोवार गर्नेलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का वन्दोवस्त गरी कर संकलन गर्ने ।
- जडीबुटीको र जिवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर संकलन शुरुवात गर्ने ।
- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यावसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

३.३.२ गैर कर राजश्व

क) घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर

हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा ७ मा घर नक्सापास एवं रजिष्ट्रेशन दस्तुरको व्यवस्था गरी नगरपालिका क्षेत्रभित्र निर्माण हुने तथा भएका घरको नक्शा पास तथा अभिलेखिकरण गर्दा अनुसूची (६) वमोजिमको दस्तुर लिने व्यवस्था गरिएको छ । हाल नक्शापास अनिवार्य गरिएको भएतापनि नगरपालिकाका कतिपय वडाहरु नितान्त ग्रामिण प्रकृतिका रहेकोले उक्त वडाहरुमा घर तथा भवन निर्माण गर्दा नक्शापास सम्बन्धी व्यवस्थाको चेतना अभाव र नगरपालिकाको कम पहुँचले गर्दा नक्शा पास बिनै घर निर्माण गर्ने चलन विद्यमान छ । तरपनि मन्थली बजार, राजमार्गको आसपासको क्षेत्र, वडाका केन्द्रहरुमा भने नक्शापासको चलन शुरु भैसकेको देखिन्छ । नगरपालिकाको घर नक्सा पास एवं रजिष्ट्रेशन दस्तुर प्रति वर्ग फिट रु १.१० पैसा (कक्ची घर) देखि प्रति वर्ग फि रु ८ (फ्रेम स्टक्चर) सम्म तोकिएको छ । नगरपालिकाले आर्थिक बर्ष २०७६/७७ मा नक्शापास वापत रु. १०००००० दस्तुर संकलन गर्ने लक्ष्य लिएकोमा रु. १२५६७७६ दस्तुर संकलन गरेको देखिन्छ जुन लक्ष्य भन्दा रु २५६७७६ बढी हो ।

सम्भावना

यस नगरपालिकाको बजार मन्थली क्षेत्रमा बढ्दो शहरिकणसंगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १५०० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । आगामी आर्थिक बर्षमा यस नगरपालिकामा करिब २०० वटा नयाँ घर निर्माण हुने र पुराना १०० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट औसत रु. १०००० का दरले जम्मा रु. ३०,००,००० आम्दानी हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू

- घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्ने ।
- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी वैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान पूर्ण रुपमा लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।
- नगरपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।

ख) वहाल विटौरी शुल्क

हालको अवस्था

नगरपालिकाले आफुले रेखदेख वा संचालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १३ मा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूचि (१२) मा उल्लेख भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लिने व्यवस्था गरिएको छ । यस्तो शुल्क रु. २० देखि २०० सम्म तोकिएको छ भने पिच सडकको आसपास बनेका संरचनाहरुको न्यूनतम प्रति वर्गफिट बार्षिक रु २५ र ग्रावेल/कच्ची सडक छेउमा वनेका संरचनाहरुको न्यूनतम प्रति वर्ग फिट रु १० दस्तुर तोकिएको छ । नगरपालिकाले आर्थिक बर्ष २०७६/७७ मा वहाल विटौरी शुल्क वापत रु २२७६३ आम्दानी गरेको देखिन्छ ।

संभावना

मन्थली बजार र सडक आसपासमा रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी दस्तुर असुल गर्न सकिन्छ । नगरपालिकामा सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु

करिब २०० को संख्यामा रहेका र तिनीहरुसँग प्रति पसल वार्षिक १००० को दरले असुल गर्दा रु २००००० आय प्राप्त हुने देखिन्छ ।

सुधारका पक्षहरू

नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधारको लागि निम्नानुसार प्रस्ताव गरिएको छः

- नगरपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकार क्षेत्र भित्रका जमिनको विवरण संकलन गर्ने।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्क संकलन गर्ने ।

ग) व्यवसाय रजिष्ट्रेश दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

हालको अवस्था

स्थानीय तहले एफएम रेडियो संचालन, “घ” वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । नगरपालिकाले आर्थिक ऐनको अनुसूची ३ मा १५७ प्रकारका व्यवसायहरु उल्लेख गरी व्यवसाय करको तोकेको भएतापनि दर्ता र नविकरण शुल्ल भने तोकेको छैन र हालसम्म व्यवसाय दर्ता तथा नविकरणबाट कुनै दस्तुर असुल हुन सकेको छैन ।

सम्भावना

नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, “घ” वर्गको निर्माण इजाजत पत्र, कृषि तथा वनजन्य उद्योग, मर्मत संभार, सहकारी, बैंक, स्वास्थ्य सेवा, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत र खानी संचालन अनुमति दिंदा नगरपालिकामा यस्ता व्यवसायिक कार्यहरु करिब १५० रहेको अनुमान गरिएको छ । प्रति फर्म वार्षिक औसत रु. ३,००० रजिष्ट्रेशन दस्तुर लिदा करिब रु. ४,५०,००० दस्तुर संकलन गर्न सकिने देखिन्छ ।

सुधारका पक्षहरू

- आर्थिक ऐनमा व्यवसाय करमा दर्ता तथा नविकरण दस्तुर भिन्दा भिन्दै उल्लेख गर्ने ।
- औधोगिक व्यवसाय ऐन तर्जुमा गर्ने ।

घ) सिफारिश तथा प्रमाणित दस्तुर

हालको अवस्था

नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरिआएको छ । आर्थिक ऐनको अनुसूची २ मा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । नगरपालिकाले सिफारिस,

नाता प्रमाणित, अन्य प्रमाणित, पंजीकरण दस्तुर गरी आर्थिक बर्ष २०७६/७७ मा करिब रु. ५,००,००० रकम संकलन भएको देखिन्छ।

सम्भावना

कार्यशाला गोष्ठीका दौरान भएको छलफल तथा वर्तमानमा वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा यहाँ वार्षिक कुल १०००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित कागजान जारी हुने अनुमान गरिएको छ । विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. १५० कायम भएमा सिफारिश तथा प्रमाणितबाट वार्षिक कुल रु. १५,००,००० संकलन हुन सक्ने अनुमान गरिएको छ।

सुधारका पक्षहरू

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको प्रमाण समावेश गर्ने प्रणाली स्थापित गर्ने।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने।

ङ) सरकारी सम्पत्तिको बहाल र विक्रीबाट प्राप्त आय

हालको अवस्था

आर्थिक बर्ष २०७६/७७ मा नगरपालिकाले सरकारी सम्पतिको भाडा तथा वहालबाट रु १६,०४,००० आम्दानी गरेको देखिन्छ भने आर्थिक बर्ष २०७७/७८ मा रु ८,००,००० लक्ष्य राखिएको छ । नगरपालिकाको आर्थिक ऐनमा एम्बुलेन्स, व्याक हो लोडर, टिफर, ट्र्याक्टर आदिको भाडा, घरको वहाल कर, नक्शा किताब आदिको शुल्ल तोकिएको छ।

सम्भावना

नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरू जस्तै व्याकहो लोडर, टिफर, ट्र्याक्टर, एम्बुलेन्स, प्रोजेक्टर आदिको बहाल साथसाथै राजपत्र, पुस्तक, नक्शा बिक्री आदिको हकमा आर्थिक ऐनमा उल्लेख गरिएको दररेट अनुसार आय अनुमान गरिएको छ। बोलपत्र फारामको अनुमानित आय भने आर्थिक बर्ष २०७४/७५ देखि आर्थिक बर्ष २०७६/७७ सम्मको बिगत तीन बर्षको आयको प्रवृतिलाई आधार मानी प्रक्षेपण गरिएको छ।

तालिका ९: सरकारी स्वामित्तको बहाल र बिक्रीबाट हुने संभाव्य आयको विवरण

क्र.स.	स्वामित्तको रहेको सम्पति	अनुमानित आय (रु)
१	जेसीभि (व्याक हो लोडर) भाडा	५०००००
२	टिपर भाडा	७०००००
३	एम्बुलेन्स भाडा	३०००००
४	ट्र्याक्टर भाडा	१५००००
५	वैठक हल भाडा	५००००
६	प्रोजेक्टर भाडा	१५०००

७	राजपत्र, पुस्तक, नक्शा विक्रि	१००००
८	बोलपत्र फाराम बिक्री	१५००००
जम्मा		१८७५०००

सुधारका पक्षहरु

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

च) सवारी पार्किङ शुल्क

हालको अवस्था

वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर असुल गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकाको आर्थिक ऐन २०७६ ले नगरपालिका क्षेत्रभित्र अनुसूची (५) वमोजिम सवारी, पटके र पार्किङ कर लागू गर्ने व्यवस्था गरेको छ । तर पटके शुल्क लिईएका सवारी साधनहरुबाट पार्किङ शुल्क भने असुल नगरिने व्यवस्था रहेको छ । नगरपालिकाको पार्किङ शुल्क वापत आर्थिक बर्ष २०७६/७७ मा रु ५,०९,५१७ संकलन भएको देखिन्छ ।

संभावना

नगरपालिकामा साना ठूला गरी लगभग १५०० जति सवारी साधन रहेको अनुमान छ । पार्किङ शुल्कबाट नगरपालिकले आर्थिक बर्षमा २०७६/७७ मै रु ५००००० भन्दा बढी कर संकलन गर्न सफल भएकोले नगरपालिकाले नगरपालिका भित्र रहेका सवारी साधनहरुबाट पार्किङ शुल्कवापत प्रत्येक बर्ष करिब रु ८,००,००० शल्क असुल गर्नसक्ने देखिन्छ ।

सुधारका पक्षहरू

सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- सवारी साधनको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।
- सवारी साधन नविकरण दस्तुर निर्धारण गर्ने ।
- नगरपालिका भित्रका सम्पूर्ण सवारी साधनहरुको अभिलेख राख्ने ।

छ) फोहोरमैला व्यवस्थापन शुल्क

हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १२ मा मन्थली नगरपलिकाको मन्थली लगायतका प्रमुख वजारहरुमा निस्केको फोहोर मैला विर्सजनकाको लागि शुल्क असुल गरिने व्यवस्था छ। जस अनुसार अनुसूची ११ मा फोहोरमैला व्यवस्थापन शुल्क रिसोर्ट र तारे होटलको रु १५०० देखि होमस्टे र घरहरुको मासिक रु १५० सम्म शुल्क तोकिएको छ। नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ मा फोहोरमैला व्यवस्थापनबाट रु ६,७८,००० संकलन गरेको थियो।

सम्भावना

नगरपालिकाले मन्थली बजार क्षेत्रमा रहेका होटल तथा रेष्टुरेन्ट, बैंक तथा वित्तिय संस्था, कार्यालयहरु, पसलहरु लगायत नीजि घरहरुबाट फोहोरमैला व्यवस्थापन वापत तलसिल वमोजिमको शुल्क संकलन गर्न सकिने देखिन्छ ।

तालिका 10: फोहोरमैला व्यवस्थापन शुल्कको अनुमानित प्रक्षेपण

क्र.स.	करदाता	संख्या	औसत करको दर	संभावित आय रु
१	होटल तथा रेष्टुरेन्ट	१२०	१०००	१२००००
२	बैंक तथा वित्तिय संस्था	१३५	१०००	१३५०००
३	अन्य कार्यालयहरु	१५०	५००	७५०००
४	होलसेल पसल	५०	५००	२५०००
५	साना तथा खुद्रा व्यापार	८५०	२००	१७००००
६	नीजि घरहरु	२५००	१५०	३७५०००
	जम्मा			९,००,०००

सुधारका पक्षहरू

- हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।

ज) जग्गा रेखाङ्कन दस्तुर

हालको अवस्था

नगरपालिका आर्थिक ऐन २०७७ को दफा ५ ले नगरपालिका क्षेत्रभित्र रहेका व्यक्तिगत तथा संस्थाको स्वामित्वमा रहेका जग्गा रेखांकन गर्न अमिन खटाउदा अनसूची (४) वमोजिम दस्तुर लिने व्यवस्था गरेको छ । अनुसूची ५ मा नगरपालिकाका सम्पूर्ण वडाहरुको जग्गा रेखाङ्कन दस्तुर निर्धारण गरिएको छ जस अनुसार

जग्गा रेखाङ्कन दस्तुर रु. २००० देखि रु. ३००० सम्म तोकिएको छ । तर जग्गा रेखाङ्कन दस्तुर वापत हालसम्म नगरपालिकाले राजश्व संकलन गर्ने सकेको छैन ।

संभावना

मन्थली नगरपालिकामा मुख्य बजार क्षेत्रमा शहरीसंगै घरजग्गाको कारोवार बढदै गैरहेको र बिकास निर्माण कार्यले समेत तिब्रता पाएसंगै जग्गा रेखाङ्कन कार्यसमेत बढन गएको छ । जसले गर्दा बर्षमा ५०० वटा जग्गा रेखांङकन मात्रै भएपनि यसबाट न्यूनतम रु २००० को दरले पनि रु १० लाख दस्तुर संकलन हुने देखिन्छ ।

सुधारका पक्षहरु

- जग्गा रेखाङ्कन दस्तुर पुनर्विचार गर्ने
- वडाको स्थान विशेष अनुसार दस्तुर लागू गर्ने

झ) ढुंगा, गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क

हालको अवस्था

नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । मन्थली नगरपालिकाको आर्थिक ऐनको दफा २१ मा ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलनमा अनुसुची (२०) बमोजिम शुल्क लगाइने र असुल उपर गरिने व्यवस्था छ । आर्थिक ऐनले माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) प्रति घन फिट रु २.५ दस्तुर निर्धारण गरेको छ । ढुंगा, गिटी, वालुवा, चुनढुंगा, ग्राभेल, खरिढुंगा आदिको दस्तुर प्रति घन फिट रु ९ स्तुर तोकिएको छ । स्लेटको दस्तुर प्रति घन फिट रु ९ तोकिएको छ भने दहत्तर बहत्तर सामाग्रीको विक्री मुल्यमा १०% शुल्क तोकिएको छ । नगरपालिकाले आर्थिक बर्ष २०७६/७७ मा दहत्तर बहत्तरबाट रु १,७०,००,००० आम्दानी गर्ने लक्ष्य लिएकोमा रु १,२६,९२,३५० मात्र आम्दानी भएको देखिन्छ जुन लक्ष्य भन्दा करिब ५० लाख कम हो ।

सम्भावना

आर्थिक ऐनमा विक्रीयोग्य वस्तुको आयातनका आधारमा मूल्य तोकिए पनि नगरपालिकाले वार्षिक परिमाण मूल्य निर्धारण गरि ठेक्का वन्दोवस्ती गरेको छ । नगरपालिका भित्र रहेका खोला तथा नदिमा वालुवाको मुख्य स्रोत रहेको र सोही वमोजिम हाल तामाकोशी नदिबाट ढुंगा, गिट्टी, बालुवा विक्री भइरहेको छ । यहाँ बजारको कमी नभएका कारण नगरपालिकाले तत्काल विक्री गरिरहेको छ । चालु आर्थिक वर्षमा भने कोभिड-१९ का कारण आम्दानी घटन सकने देखिन्छ । आगामी वर्षका लागि नगरगाउँपालिका क्षेत्रभित्र रहेका सुनकोशी नदि, तेलेघाट (वडा नं ६), रणजोर खोला (वडा १ र ५), सुखजोर खोला (वडा १ र ५), मिल्ती खोला (वडा १३), घराउनी खोला (वडा नं ७), फेदी खोला (वडा नं ७), कुरौनी बगर (वडा नं ६), हान्तीटार बगर (वडा नं ६), ढिकुरी खोला (वडा नं ७), सिल्ली वगर (वडा ६) जस्ता अन्य खोलाहरुमा समेत वातावरणीय परिक्षण गरी ठेक्का लगाउन सकेमा यस शिर्षकबाट थप आय वृद्धि हुनगई करिब ४ करोड जति वार्षिक आय संकलन हुने देखिन्छ ।

सुधारका पक्षहरु

- थप क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्ड भित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हान गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्ड भित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चि गर्ने ।
- आर्थिक ऐन नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र दण्ड जरिवानाको प्रावधान समावेश गर्ने ।

ञ) सेवा शुल्क दस्तुर

नगरपालिकाले आर्थिक ऐन २०७७ को दफा १९ मा निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (१८) मा व्यवस्था भए अनुसार सेवा शुल्कको व्यवस्था गरिएको छ । तर आर्थिक ऐनमा यस्तो सेवा शुल्कको दर निर्धारण गरिएको छैन र हालसम्म यो शिर्षक अन्तर्गत कुनै आम्दानी पनि भएको देखिदैन ।

ट) पर्यटन शुल्क

मन्थली नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा २० अनुसार नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुका लागि अनुसूचि (१९) मा उल्लेखित दरमा पर्यटन शुल्कको व्यवस्था गरिएको छ । तर आर्थिक ऐनमा पर्यटन शुल्क तोकिएको छैन भने यस शिर्षक अन्तर्गत नगरपालिकाले हालसम्म कुनै आम्दानी गर्न सकेको छैन । नगरपालिका केहि धार्मिक तथा पर्यटकिय क्षेत्रहरु भएतापनि पूर्वाधार र उचित प्रसार प्रसारको अभावमा पर्यटकहरुको खासै आगमन हुन सकेको छैन । तर तामाकोशी नदिमा राफ्टिङको पूर्वाधार निर्माण गर्न सकेको खण्डमा राफ्टिङ शुल्कबाट राम्रो आम्दानी गर्नसक्ने संभावना रहेको छ ।

परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदका उपखण्डहरुमा मन्थली नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस नगरपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

तालिका 11: राजश्व परामर्श समितिको विवरण

क्र.स.	समितिका व्यक्तिहरु	जिम्मेवारी
१	उप-प्रमुखः श्री माया कुमारी कार्की	संयोजक
२	प्रमुख प्रशासकिय अधिकृतः श्री लिला राज पौडेल	सदस्य
३	वडा अध्यक्षः श्री भरत बहादुर बोहरा	सदस्य
४	वडा अध्यक्षः श्री गोपाल बहादुर माझी	सदस्य
५	कार्यपालिका सदस्यः श्री यसोदा श्रेष्ठ	सदस्य
६	उद्योग वाणिज्य संघ प्रतिनिधिः श्री केशव प्र. घिमिरे	सदस्य
७	लेखा प्रमुखः श्री उज्जल पोखरेल	सदस्य सचिव

नगरपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि राजश्व परामर्श समितिको बैठक गरी राजश्वको दर निर्धारण सिफारिस, वार्षिक राजश्व अनुमान आदि निर्णय गर्ने गरेको देखिन्छ । नगरपालिकाले आर्थिक बर्षको २०७७/७८ को लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि नगरसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षगत दायरा तथा उक्त दायराका दररेटहरू राखी नगरसभा मार्फत् आर्थिक ऐन पारित गरिएको हो । नगरपालिकाको नीति तथा कार्यक्रम २०७७/७८ ले राजश्व संकलन तथा परिचालनको लागि देहाय वमोजिमको नीतिहरु अवलम्वन गरेको छः

१) राजश्व दरहरुलाई उपयुक्त विन्दुमा राखी दायरा विस्तारमा जोड दिइनेछ ।
२) नगरक्षेत्र भित्र रहेका सरकारी, सार्वजनिक तथा नगरको स्वामित्वमा रहेका जमिन र त्यस्ता जमिनमा निर्मित संरचनाहरुलाइ वहालमा लगाइ राजश्व संकलन गरिनेछ ।
३) नगरपालिकाको लगानीमा निर्माण भएका पूर्वाधार तथा सडकहरुमा सेवा शुल्क लगाइने छ ।
४) नगरक्षेत्र भित्रका ब्यापार ब्यवसाय, बैंक लगायतका वित्तिय संस्थाहरु, उद्योग, फर्म, गैसस, सहकारी, सामुदायिक संघसंस्थालाई अनिवार्य दर्ता/नवीकरण गराई ब्यवसायको आकार, प्रकृति, उद्देश्य,

कारोवार र तिनीहरुवाट वातावरणमा पर्ने प्रभाव समेतका आधारमा करका दरहरु निर्धारण र समसामयिक परिमार्जन गरिनेछ ।

५) नगरक्षेत्र भित्र र वाहिर दर्ता भई नगरपालिमा काम गर्न आउने राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सहकारी, निर्माण ब्यवसायी, सप्लायर्सहरुलाई अनिवार्य सूचिकृत गराइ करको दायरामा ल्याईनेछ।

६) नगरपालिका क्षेत्रभित्र संचालित ब्यवसायहरुलाई करको दायरामा समेट्न मुख्य वजार केन्द्रहरुमा ब्यवसाय दर्ता/नवीकरण शिविर संचालन गरिने छ ।

७) उद्योगी ब्यवसायीहरुलाई थप प्रोत्साहन गर्न ब्यवसाय दर्ता तथा नवीकरण शुल्कलाई सहज वनाउदै लगिनेछ ।

८) लक्षित वर्गलाई ब्यवसाय प्रति आकर्षित गर्न महिला र अपाङ्गता भएका ब्यक्तिहरुको नाममा दर्ता भएका ब्यवसायहरुलाई तोकिएको ब्यवसाय करमा १०% छुट दिइनेछ ।

९) वडा कार्यालयवाट राजश्व संकलन गर्ने ब्यवस्था मिलाउन सफ्टवेयरको जडान गरी राजश्व संकलनमा संलग्न कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०) घरवहाल कर निर्धारण प्रयोजनार्थ निश्चित मापदण्ड वनाई घर वहाल दर निर्धारण गरिनेछ । असोज मसान्त सम्म एकमुष्ट वार्षिक वहाल कर वुझाउन आउने घरधनी/ब्यवसायीलाई वार्षिक वहाल करको १०% छुट दिइने छ ।

११) राजश्व छली र चुहावट नियन्त्रणका लागि नियमित अनुगमन तथा सरोकारवालाहरुसँग सहकार्य गरिनेछ । धेरै कर तिर्ने वा समयमा कर तिर्न आउने करदातालाई करछुट, सम्मान तथा पुरस्कारको ब्यवस्था गरिनेछ भने कर नतिर्ने वा छली गर्ने करदाताहरुलाई कानून वमोजिम कारवाही गरिनेछ।

१२) सवै करदाताहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम संचालन गरिनुका साथै राजश्व संकलनलाई कार्यालयवाट प्रवाह गर्ने सेवासँग आवद्ध गरिने छ । यसको लागि कार्यालयमा सेवा लिन आउँदा अनिवार्य रुपमा राजश्व वुझाएको भरपाईको प्रतिलिपि पेश गर्नुपर्ने ब्यवस्था मिलाइनेछ ।

१३) नगरपालिका क्षेत्र भित्र विभिन्न पार्क, सपिङ कम्प्लेक्स र आय आर्जनमा टेवा पुऱ्याउने अन्य पूर्वाधार निर्माणतर्फ लगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४) पर्यटन, जलविद्युत, खानेपानी, वन, खनिज, लगायतवाट प्राप्त हुनपर्ने रोयल्टी र राजश्व वाँडफाँडवाट प्राप्त हुनपर्ने रकम समयमै उपलब्ध गराउन सम्वन्धित निकायमा पहल गरिनेछ ।

१५) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक ऐलानी जग्गामा विगत देखि ब्यवसाय गरी वसेका ब्यवसायीहरुलाई करको दायरामा ल्याउन भोगचलन गरेको जग्गाको वहालकर संकलन तथा ब्यवसाय दर्ता/इजाजत दिने प्रक्रिया अगाडि वढाइने छ ।

१६) संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको लगानीमा निर्माण हुने भौतिक पूर्वाधारहरु निर्माणको कार्यमा प्रयोग हुने माटो, ढुंगा, गिट्टी, वालुवा, ग्राभेल आदिको उपयोगलाई करको दायरमा ल्याइनेछ ।

१७) कृषि, पशुपालन, लघु तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्न यस्ता समुह, सहकारी तथा ब्यवसाय दर्ता/नवीकरण कार्यमा सहुलियत दर निर्धारण गरिनेछ ।

१८) नगरको आन्तरिक आय वृद्धिको लागि सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, संयुक्त अनुगमन, सहयोग आदानप्रदान, समन्वय र सहकार्य गरिनेछ ।

१९) कानून वमोजिम राजश्व परिचालन नीति तर्जुमा, राजश्वका श्रोत, दर र दायरालाई अध्ययन गर्न राजश्व सम्भाब्यता अध्ययन गरिनेछ ।

२०) वढी राजश्व संकलन गर्ने वडाहरुलाई प्रोत्साहित गर्न वडागत वजेट सिलिङ्ग निर्धारण गर्दा वडाले संकलन गरेको राजश्व रकमलाई समेत आधारको रुपमा लिने ब्यवस्था गरिनेछ ।

नगरपालिकाको राजश्व प्रशासन

नगरपालिकाको राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि नगरपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्न रहेको छ । यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्यमा परिचालन गनुपर्ने हुन्छ । साथै नगरपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजश्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिमले नगरपालिकाको राजश्व अभिवृद्धिमा महत्वपूर्ण योगदान दिने सक्ने देखिन्छ ।

४.२ आय संकलनको संस्थागत क्षमता

संगठन संरचनामा नगरपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व उपशाखा गठन गर्ने प्रावधान वमोजिम राजश्व उपशाखाबाट काम भैरहेको देखिन्छ । राजश्व उपशाखा अन्तर्गत नै वडा कार्यालयहरूबाट वडा सचिव तथा राजश्व उपशाखाका कर्मचारीहरु मार्फत राजश्वको संकलन तथा अभिलेखीकरण गरिंदै आएको छ । अनलाई मिटिङ, टेलिफोन अन्तरवार्ता तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छः

- राजस्व उपशाखा अन्तरगत प्रशासन सहायक र कार्यालय सहयोगी गरी जम्मा २ जना कर्मचारीहरु कार्यरत रहेको र आर्थिक प्रशासन तर्फ २ अधिकृत र १ लेखा सहायक गरी जम्मा ३ जना कार्यरत रहेको देखिन्छ ।
- नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूमा जडान गरि कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन हुने गरेको ।
- सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार राजश्व संकलन हुने गरेको ।
- वडा सचिव मार्फत वडामानै राजस्व संकलन गर्ने कार्यले सेवाग्राहीलाई सुविधा प्रदान गरेको ।
- "घ" वर्गको इजाजत पत्र लगायत अन्य शुल्कहरू, टेण्डर बिक्री तथा परिक्षा शुल्क जस्ता राजश्व नगरपालिका कार्यालयबाट संकलन हुने गरेको ।
- गत बर्ष कोरोनाको कारण राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।

- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांकन नभएको।
- राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शिर्षकहरू चयनमा अस्पष्टता रहेकोले एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शिर्षकमा प्रविष्टी हुने गरेको।
- नगरपालिकाले आर्थिक बर्ष २०७६/७७ मा आन्तरिक आयबाट रु. २,६५,००,००० राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा रु. २,७१,४२,८१४ राजश्व संकलन गरी लक्ष्य भन्दा करिब ५ लाभ बढी संकलन गरेको देखिन्छ।

४.३ आन्तरिक आय परिचालन

यस नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा अत्यन्त न्यून रहेको छ। आन्तरिक आय तर्फ एकिकृत सम्पति कर, वहाल कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर लगायत अन्य प्रशासनिक शुल्क तथा दस्तुरहरु रहेका छन्। तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ नगरपालिकाको लागि एकिकृत सम्पत्ति कर, ब्यवसाय कर र दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन्। नगरपालिकाले एकिकृत सम्पति कर भनेर भूमि कर समेत एकमुष्ठ लिने गरेको छ। उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली प्रभावकारी देखिंदैन भने वहाल कर समेत न्यून देखिन्छ। गैरकर राजश्व तर्फ केहि सेवा शुल्क र दस्तुरहरुको संभावना रहेको देखिन्छ। नगरपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख ब्यवस्थित देखिदैन। यसले गर्दा नगरपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुर्याउन कठिनाइ रहेको छ। नगरपालिकाकाबाट प्राप्त तथ्यांक अनुसार नगरपालिकाले विगत आ.व. २०७५/७६ र २०७६/७७ मा संकलन गरेको यथार्थ आय र चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय अनुसार रहेको छः

तालिका 12: नगरपालिकाको आयको अवस्था

(रु हजारमा)

आय शिर्षक	२०७५/७६ यथार्थ	२०७६/७७ यथार्थ	२०७७/७८ यथार्थ
क) आन्तरिक आय			
आन्तरिक आम्दानी	२६०८०	२७१६५	२६५२३*
ख) राजश्व बाँडफाँडबाट प्राप्त आय			
संघीय सरकार (मु.अ.कर तथा अन्त शुल्क)	७९७३१	१३५५७०	१०५८५८**
प्रदेश सरकारबाट (सवारी साधन कर)	३०७२७	२७६००	२८०००
ग) अनुदान			
संघीय सरकार समानीकरण अनुदान	२१९०००	२०५९००	१९९२००
संघीय सरकारः सशर्त	३२४०४६	३५३७०४	३७१७००
संघीय सरकारः सपपुरक अनुदान	४०८४८	८०००	१००००
संघीय सरकारः विशेष अनुदान	५१६१२	११५००	५०००
प्रदेश सरकारः समानीकरण अनुदान	८६१९	१०६२६	१०६६७
प्रदेश सरकारः शसर्त अनुदान	४४६४२	१८०००	३७३२१
प्रदेश सरकार (समपुरक/विशेष) अनुदान	५०००	१५७७५	२९९६८
कुल जम्मा	**८३०३०५**	**८१३८४०**	**८२४२३७**

** अनुमानित*

*** आम्दानी बाध्न बाँकी*

तालिका १२ बाट यस नगरपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा ४% भन्दा कम देखिन्छ । यद्यपि नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने राजश्व वाँडफाँड र अनुदान बापतको रकम नै रहेको देखिन्छ । उल्लेखित तालिका अनुसार नगरपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छः

तालिका 13: कुल आयमा नगरपालिकाको आन्तरिक आयको योगदान

(रु हजारमा)

आय शिर्षक	२०७५/७६ यथार्थ		२०७६/७७ यथार्थ		२०७७/७८ यथार्थ	
	रकम	%	रकम	%	रकम	%
क) आन्तरिक आय	२६०८०	३.१	२७१६५	३.३	२६५२३	३.२
ख) राजश्व बाँडफाँडबाट प्राप्त आय	११०४५८	१३.३	१६३१७०	२०.०	१३३८५८	१६.२
ग) अनुदान	६९३७६७	८३.६	६२३५०५	७६.६	६६३८५६	८०.५
कुल जम्मा	**८३०३०५**	**१००.०**	**८१३८४०**	**१००.०**	**८२४२३७**	**१००.०**

४.४ राजश्व परिचालनमा रहेका सवालहरु

मन्थली नगरपालिकाको आन्तरिक आय परिचालनमा नयाँ ब्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास गर्न आवश्यक देखिन्छ। आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

क) राजश्व प्रशासन

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न नगरपालिकामा राजस्व शाखा वा एकाईमा आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथै नगरपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजश्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजश्व शाखाको व्यवस्था हुन आवश्यक छ । साथै वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरि वडा कार्यालयहरु मार्फत राजश्व संकलनको व्यवस्थित विद्युतीय प्रणालीको स्थापना भएमा राजश्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ । वडा कार्यालयहरुबाट असूल भएको राजस्व नगरपालिकामा हफ्तादिन देखि एक महिनासम्ममा दाखिला हुने गरेको छ ।

ख) आन्तरिक नियन्त्रण

राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ। कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ। राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसिद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ। त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ। लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने गर्नु

पर्दछ । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा नगरपालिकाबाट जारी भएको राजस्व शीर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्नु पर्दछ । यसरी प्राप्त रकमलाई नगरपालिकाको गोश्वारा खातामा शीर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ । राजस्वको लेखा सूत्र (SUTRA) आधारित भएकोले सोहि बमोजिम शीर्षकगत रुपमा प्रष्ट गरी अनलाईन प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ ।

ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने विधि, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

घ) आर्थिक ऐनमा सुधार

नगरपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । नगरपालिकाको आर्थिक ऐन २०७७ मा सवारी कर, फोहोरमैला व्यवस्थापन तथा कान्जी हाउस कर, निकासी कर, वन पैदावार करको व्यवस्था गरिएको छ । तर आर्थिक ऐनमा व्यवस्था भएका यस्ता करको अधिकार अन्तर सरकार वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई प्रदान गरेको छैन । त्यस्तै केहि करका शिर्षकहरु पनि सुधार गर्नुपर्ने देखिन्छ । जस्तै सवारी, पटके र पार्किङ करलाई "सवारी कर" भित्र राख्ने र घर नक्शा पास एवं अभिलेखिकरण दस्तुरलाई घर जग्गा रजिष्ट्रेशन शुल्क शिर्षक अन्तरगत राख्ने । सवारी साधनको नविकरण दस्तुत सवारी ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सवै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । विज्ञापन कर, मनोरन्जन कर, सेवा शुल्क दस्तुर र पर्टयन शुल्क समेत आर्थिक ऐनमा उल्लेख गर्नुपर्ने देखिन्छ । सबैभन्दा बढी व्यवसाय कर नीजी विद्यालयलाई रहेकोले यसलाई समेत पुनर्विचार गर्नुपर्ने देखिन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सम्पति कर र भूमि करलाई फरक फरक कर शिर्षक अन्तरगत राखेको छ । तर नगरपालिकाले सम्पति र घरजग्गा करलाई एकिकृत रुपमा राखि कर असुल गर्दै आईरहेकोले नगरपालिकाको आर्थिक ऐनलाई सुधार गरी सम्पति र भूमि कर फरक फरक शिर्षक अन्तरगत लिने व्यवस्था गर्नुपर्ने देखिन्छ । नगरपालिकाको धेरै क्षेत्रहरु ग्रामिण भेगमा पर्दछन । त्यसैले गाँउ, बजार तथा राजमार्ग आसपासको क्षेत्रमा जमीनको मूल्य र उपयोगितामा व्यापक अन्तर हुने भएकोले जमीनको उत्पादन, उपयोगिता र सडक पहुँचको आधारमा कर लिने प्रणालीको विकास हुन सकेमा कर पनि बढी संकलन हुने र बढी वैज्ञानिक समेत हुने देखिन्छ ।

ङ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

नगरपालिकाले राजश्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय करका आधारहरु पर्याप्त राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ । अर्थात संकलित राजश्व भन्दा संकलन गर्दा

लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन । साथै स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र नगरपालिकालाई पनि राजश्व प्राप्त सहज रुपमा हुने हुन्छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर अन्तर्गत मालपोतको मूल्यांकन र स्थानीय चलनचल्तीको रकम ज्यादै फरक भएका सो परिमार्जनका लागि पहल गर्दा राजश्वमा बृद्धि हुने अवस्था सिर्जना हुन्छ । नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने तथा धेरै राजश्व तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने प्रणालीको बारेमा आवश्यक प्रचार प्रसार गर्नु पर्दछ ।

च) अभिलेख व्यवस्थापन

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । नगरपालिकाका सम्भाव्य राजश्का स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । नगरपालिकाबाट राजश्व नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ ।

छ) समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजश्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र करबाट प्राप्त

आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

झ) समावेशिता तथा सहभागिता अभिबृद्धि

कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट संचालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितिय स्रोतहरुबाट प्राप्त विभिन्न तथ्याङ्क तथा सूचाना विश्लेषणका आधारमा नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वासस लिईएको छ ।

५.१ राजश्व सुधार कार्ययोजना

नगरपालिकाले राजश्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्न वमोजिम रहेका छनः

५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति

मन्थली नगरपालिकामा राजश्व संकलनमा खासगरी ट्रयाकमा गैसकेको र ट्रयाकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । परम्परादेखि चल्दै आएका राजश्वहरु ट्रयाकमा छन् भने नयाँ राजश्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । साविकका ७ वटा गाविसहरु मिलाएर गठन गरिएको यस नगरपालिकामा विद्यमान कानुन प्रदत्त केही राजश्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । नगरपालिकाका कानुनहरु पनि समय अनुकुल परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजश्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

क) राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।

ख) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।

ग) राजश्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।

घ) समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

तालिका 14: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति

रणनीति	**कार्यनीति**
१) राजश्व सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।	१) नगरपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ । २) कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै नगरपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ। ३) कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ । ४) जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ । ५) थप राजशवका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजश्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन

रणनीति	कार्यनीति
	तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ । ६) राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ । ७) सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एक रुपता कायम गरिने छ । ८) आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ । ९) करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ । १०) नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ साथै पर्यटन विकासमा यस नगरपालिकामा रहेका धार्मिक/साँस्कृति धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ । ११) पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी स्थानीयहरु, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ । १२) नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कत गरिनेछ । १३) समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ ।
२) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।	१) नगरपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वियन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ । २) नगरपालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ । ३) स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ र वडास्तरमा कर असूली गर्ने व्यवस्था मिलाईने छ । ४) राजश्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना संजालमा जोड्दै लगिने छ । ५) स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा संचालन गरिनेछ । ६) प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजश्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ । ७) राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजश्वको प्रतिवेदन र फाँटबारी बनाइने छ । ८) राजशव सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ ।
३) राजश्व कर प्रणालीलाई सरल, सहज करदाता मैत्री,	१) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ । २) कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ ।

रणनीति	कार्यनीति
पारदर्शी र समावेशी बनाउने	३) कर/राजश्व सूचना सम्बन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा नगरपालिकाको वेभसाईटमा राखिने छ। साथै यस्तो सूचनाहरु नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ। ४) करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ। ५) महिला, अपाँगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ। ६) कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ।
४)समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने	१) पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, बिक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य पालिकाहरुसँग समेत समन्वय तथा सहकार्य गरिनेछ। २) बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ। ३) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ। ४) राजश्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ। यसैगरी अन्य छिमेकी स्थानीय तहरुसंग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ। ५) राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ।

५.१.२ राजश्व सुधार कार्ययोजना

क) राजश्व प्रशासन सुधार योजना

तालिका 15: राजश्व प्रशासन सुधार योजना

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	**कानुनी तथा नीतिगत व्यवस्था**		
१.१	राजश्व परामर्श समितिको मासिक वैठक गरी भूमिकालाई प्रभावकारी बनाउने	२०७८ श्रावण देखी	राजश्व परामर्श समिति
१.२	आर्थिक ऐन परिमार्जन गरि लागू गर्ने ▪ हालको राजश्व अधिकारका संभाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने ▪ बिषेश गरी करको दर र दायरा समयाअनुकुल बनाउने ▪ सबै करहरुमा छुट तथा जरीवानाको व्यवस्था गर्ने ▪ राजश्व संकलन प्रकृया प्रष्ट गर्ने	२०७९ असार मसान्त सम्म	राजश्व परामर्श समिति, नगर सभा

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
	▪ व्यवहारमा नदेखिएका, लागू हुन नसक्ने तथा संघीय कानुनसंग बाँझिने प्रावधानहरु हटाउने ▪ राजश्व असुलीको व्यवस्थासंगै दण्ड, जरिवाना तथा पुरस्कारको व्यवस्था गर्ने		
१.३	राजश्व सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गरी लागू गर्ने	२०७९ असर मसान्त सम्म	नगर कार्यपालिका
२	**संकलन प्रकृयामा सुधार**		
२.१	करका बिषयमा जानकारी गराउनका लागि वडाहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने	चौमासिक रुपमा	राजश्व शाखा तथा प्रमुख प्रशासकिय अधिकृत
२.२	सबै करहरुको तथ्याङ्क संकलन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने	२०७९ असार मसान्त सम्म	राजश्व शाखा तथा वडा कार्यालयहरु
२.३	धेरै कर तिर्ने करदाताहरुलाई सम्मान र पुरस्कृत गर्ने	बार्षिक रुपमा	नगरसभा
२.४	मुख्य करहरु एकैपटक असुल गर्नेगरी एकद्वार कर संकलन प्रणालिको शुरुवात गर्ने	आगामी आर्थिक बर्ष २०७८/७९	राजश्व शाखा, प्रप्रअ तथा नगर कार्यपालिका
२.५	वित्तिय संस्थासंग समन्वय गरी बैंकिङ प्रणालीबाटै कर संकलन गर्ने व्यवस्था गर्ने	आगामी आर्थिक बर्ष २०७८/७९	राजश्व शाखा, प्रप्रअ तथा नगर कार्यपालिका
३	**संस्थागत व्यवस्था तथा अन्य**		
३.१	राजश्व शाखामा छठौ नगर सभाबाट स्विकृत दरबन्दीमा कर्मचारी नियुक्त गर्ने	२०७८ माघ मसान्त सम्म	नगर कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृत
३.२	वडा कार्यालयहरुमा समेत राजश्व प्रशासनका लागि कर्मचारीहरुलाई जिम्मेवारी किटान गरी नियमित अनुगमन गर्ने	२०७८ माघ मसान्त सम्म	नगर कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृत
३.३	जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि राजश्व सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने	बर्षमा १ पटक	प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा
३.४	राजश्व संकलन अवस्थाको आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आम्दानी खर्चको विवरण सार्वजनिक गर्ने	चौमासिक रुपमा	राजश्व परामर्श समिति तथा प्रमुख प्रशासकिय अधिकृत
३.५	नगरपालिकाको स्वामित्त तथा हक भोगमा रहेका जग्गा तथा भवनहरुको विवरण संकलन गरी प्रमाण सहित व्यवस्थित रुपमा अभिलेख राख्ने तथा सिमाना छुट्याउने	२०७९ असार मसान्त सम्म	प्राविधिक शाखा, प्रप्रअ

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
३.६	आन्तरिक लेखा परीक्षण, सामाजिक लेखापरीक्षण र लेखा परिक्षणका प्रतिवेदनहरु, बार्षिक आय व्ययमा विवरणहरु नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने	२०७८ मंसिर सम्ममा	प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, आर्थिक प्रशासन शाखा
३.७	आर्थिक प्रशासन शाखा अन्तर्गत राजश्व उपशाखालाई स्रोत साधन सम्पन्न बनाउने	२०७९ असार सम्म	नगर कार्यपालिका
३.८	व्यवसाय रजिष्ट्रेशन कार्यविधि तर्जुमा गर्ने	२०७९ असोज सम्म	नगर कार्यपालिका

ख) कर राजश्व सुधार योजना

तालिका 16: कर राजश्व सुधार योजना

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	**एकिकृत सम्पति कर**		
१.१	एकिकृत सम्पति कर व्यवस्था कार्यविधि तर्जुमा गरी पारित गर्ने	२०७८ फागुन सम्म	राजश्व परामर्श समिति र नगर कार्यपालिका
१.२	सम्पत्ति करलाई थप स्पष्ट गर्न संघीय कानुनको भावना अनुसार स्थानीय आर्थिक ऐन परिमार्जन गर्ने	२०७९ असार मसान्त सम्म	राजश्व परामर्श समिति र नगरसभा
१.३	नगरवासीको सम्पति सम्बन्धि तथ्याङ्क संकलन तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने ।	बार्षिक रुपमा निरन्तर	राजश्व शाखा, प्रप्रअ
१.४	मालपोतको न्यूनतम मूल्याङ्कनसंग सामजस्यता हुने गरी एकिकृत सम्पतिको मूल्याङ्कन र पुनरावलोकन गरी यथार्थपरक वनाई करदाताको तिर्न सक्ने क्षमतालाई मध्यनगर गर्दै करको दर पुनरावलोकन गर्ने	२०७९ असार मसान्त सम्म	राजश्व परामर्श समिति र नगर कार्यपालिका
१.५	एकिकृत सम्पतिको विवरणलाई घर वहाल करसंग आवद्ध गरी एकैपटक कर निर्धारण र असुल गर्ने व्यवस्था गर्ने	आर्थिक बर्ष २०७८/७९ देखि	राजश्व शाखा
१.६	सम्पति कर प्रशासनमा GIS Mapping Tools लाई समेतमा प्रयोगमा ल्याउने	२०७९ असार मसान्त सम्म	प्राविधिक शाखा, प्रप्रअ
२	**व्यवसाय कर**		
२.१	व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि प्रणालीलाई व्यवस्थित गर्न व्यवसाय कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने	२०७९ असार मसान्त सम्म	राजश्व परामर्श समिति र प्रप्रअ

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
२.२	व्यवसायीका प्रतिनिधिहरूसंग समन्वय गरि व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा व्यवसायको वर्गीकरण गर्ने ।	२०७९ जेष्ठ मसान्त सम्म	राजश्व परामर्श समिति र प्रप्रअ
२.३	व्यवसाय करको दरलाई वर्गिकरणको आधारमा पुनरावलोकन गरि आर्थिक ऐनमा समावेश गर्ने ।	२०७९ असार मसान्त सम्म	राजश्व परामर्श समिति र नगरसभा
२.४	नगरक्षेत्रमा व्यवसाय संचालनको लागि नगरपालिकाको इजाजत लिनुपर्ने ब्यवस्था अनिवार्य गरि व्यापक प्रचार प्रसार गर्ने ।	२०७९ श्रावण देखि	राजस्व शाखा, वडा कार्यालय र प्रप्रअ
२.५	उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवालासँग नगरपालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने ।	२०७८ मंसिर देखि निरन्तर	नगर कार्यपालिका
२.६	व्यवसायको तथ्यांक/लगत, व्यवसाय करको दर तथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने ।	चौमासिक रुपमा	राजस्व परामर्श समिति र नगर कार्यपालिका
२.७	व्यवासाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने	२०७८ श्रावण देखि त्रैमासिक रुपमा	आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु
२.८	व्यवसाय कर सम्बन्धमा आर्थिक ऐनमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।	२०७९ असोज देखि	नगरसभा
३	**विज्ञापन कर**		
३.१	नगर क्षेत्रमा राखिएका विज्ञापन सामाग्रीहरुको किसिम र स्थलहरुको पहिचान गर्ने तथा सो सम्बन्धि लगत संकलन गर्ने ।	२०७८ चैत्र सम्म	राजश्व शाखा र वडा कार्यालय
३.२	संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।	२०७९ श्रावण १ देखि	राजश्व परामर्श समिति र नगर सभा
३.३	विज्ञापन करको दररेट परिमार्जन गरी आर्थिक ऐनमा समावेश गर्ने	२०७९ असार सम्म	राजश्व परामर्श समिति र नगर कार्यपालिका
३.४	नगरपालिकाको अनुमति बिना जथाभावि रुपमा विज्ञापनका होर्डिकङ बोर्डहरु राख्न निषेध गर्ने ।	२०७८ मंसिर सम्म	नगर कार्यापालिका
३.५	न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।	२०७९ असार सम्म	राजश्व परामर्श समिति र नगर कार्यपालिका
३.६	सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।	२०६९ असार सम्म	राजश्व परामर्श समिति र प्रप्रअ
४	**घरजग्गा वहाल कर**		

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
४.१	वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।	२०७९ असार सम्म	राजश्व शाखा, वडा कार्यालय, प्रप्रअ
४.२	घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।	२०७८ मंसिर सम्म	राजश्व शाखा र नगर कार्यपालिका, प्रप्रअ
४.३	घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।	२०७९ असार सम्म	राजश्व शाखा र नगर कार्यपालिका
४.४	घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।	२०७९ असार सम्म	नगर कार्यपालिका र प्रप्रअ

ग) गैर कर राजश्व सुधार योजना

तालिका 17: गैर कर राजश्व सुधार योजना

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	**घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर**		
१.१	घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने	२०७८ श्रावण देखि	प्राविधिक शाखा र प्रमुख प्रशासकिय अधिकृत
१.२	नगरपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखिकरण गर्ने	२०७८ श्रावण देखि निरन्तर	कार्यपालिका र प्राविधिक शाखा
१.३	मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान पूर्ण रुपमा लागु गर्ने ।	२०७९ असार देखि	प्राविधिक शाखा र प्रप्रअ
१.४	घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।	२०७९ मंसिर देखि	राजश्व परामर्श समिति र भवन तथा नक्शा पास उपशाखा
१.५	नगरपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।	२०७९ श्रावण देखि	भवन तथा नक्शा पास उपशाखा र नगर कार्यापलिका
१.६	नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।	२०७८ मंसिर देखि	भवन तथा नक्शा पास उपशाखा र नगर कार्यापलिका
२	**वहाल विटौरी शुल्क**		
२.१	नगरपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने	२०७९ असार मसान्त सम्म	प्राविधिक शाखा, प्रमुख प्रशासकिय अधिकृत

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
२.२	सार्वजनिक जमिनमा रहेका संरचना र विद्यमान उपयोगको अवस्था हेरी शुल्क निर्धारण गर्ने	२०७९ श्रावण देखि	राजश्व परामर्श समिति र नगरसभा
२.३	हाटबजार र बजारमा रहने अस्थायी पसलहरुको पटके शुल्क निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने	२०७९ असार मसान्त सम्म	राजश्व परामर्श समिति र नगरसभा
२.४	विटौरी शुल्क तिर्नुपर्ने करदाताहरुलाई सूचित गर्ने	२०७८ माघ मसान्त सम्म	आर्थिक प्रशासन शाखा
३	**दर्ता, नविकरण तथआ अनुमती दस्तुर**		
३.१	विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, वित्तिय संस्था, स्वास्थ्य संस्था, मर्मत संभार, स्थानीय व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने	२०७८ फागुन मसान्त सम्म	कार्यपालिका, प्रप्रअ
३.२	दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने	२०७९ असार मसान्त	राजश्व परामर्श समिति, नगर सभा
४	**ढुंगा, गिट्टी, वालुवा, स्लेट आदिको बिक्री**		
४.१	हाल उत्खनन र विक्री भईरहेका वाहेक थप खोला र नीजि खानिहरुको पहिचान गर्ने	२०७९ असार मसान्त	नगरपालिका मेयर र प्रप्रअ
४.२	माथी उल्लेखित स्रोतहरुमा प्रारम्भिक वातावरणिय अध्ययन गराउने	२०७८ फाल्गुन मसान्त	कार्यपालिका र प्राविधिक शाखा
४.३	थप भएका खानी र खोलाहरुको छुट्टै प्याकेजमा ठेक्का आह्वान गर्ने	२०७८ मंसिर मसान्त	कार्यपालिका
४.४	काम र बिक्रीको नियमित अनुगमन सुनिश्चित गर्ने	२०७८ भाद्र	कार्यपालिका, राजश्व परामर्श समिति
५	**सरकारी सम्पत्तिको बहाल र विक्री**		
५.१	नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने।	२०७९ असार मसान्त	कार्यपालिका, राजश्व परामर्श समिति
५.२	नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने।	२०७९ असार मसान्त	कार्यपालिका, राजश्व परामर्श समिति
५.३	कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने।	२०७९ असार मसान्त	कार्यपालिका, राजश्व परामर्श समिति
६	**सवारी पार्किङ शुल्क**		
६.१	सवारी साधनको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने।	२०७९ असार मसान्त	कार्यपालिका, राजश्व परामर्श समिति

क्र.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
६.२	सवारी साधन नविकरण दस्तुर निर्धारण गर्ने ।	२०७९ असार मसान्त	कार्यपालिका, राजश्व परामर्श समिति
६.३	नगरपालिका भित्रका सम्पूर्ण सवारी साधनहरुको अभिलेख राख्ने ।	२०७९ असार मसान्त	कार्यपालिका, प्रप्रअ
७	**फोहोरमैला व्यवस्थान शुल्क**		
७.१	हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।	२०७९ असार मसान्त	कार्यपालिका, राजश्व परामर्श समिति
७.२	मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।	२०७९ असार मसान्त	राजश्व परामर्श समिति, प्रप्रअ
८	**सेवा शुल्क**		
८.१	शुल्क असुलीलाई कडाईका साथ लागू गर्ने	निरन्तर	कार्य पालिका, प्रप्रअ
९	**दिर्घकालिन आयस्रोतको पहिचान तथा संभाव्यता**		
९.१	नगरपालिकाको दिर्घकालिन आय हुनसक्ने संभाव्य क्षेत्रहरुको पहिचान गर्ने ▪ मुख्य बजार र राजमार्ग आसपास भवन वा सटर ▪ बजार क्षेत्रमा खानेपानी आयोजना संचालन ▪ अस्पताल निर्माण तथा संचालन ▪ अतिथी गृह संचालन ▪ सामुदायिक भवन तथा सभाहल ▪ ढल संजालको पूर्वाधार ▪ बसपार्कको पूर्वाधार ▪ हाटबजार पूर्वाधार ▪ पर्यटकिय क्षेत्रको पूर्वाधार ▪ फोहोरमैला व्यवस्थापन	२०७९ असार मसान्त	नगर कार्यपालिका, नगर सभा
९.२	पहिचान भएका क्षेत्रहरुको संभाव्यता अध्ययनका लागि रकम विनियोजन गर्ने	२०७९ श्रावण मसान्त	नगर कार्यपालिका

परिच्छेद - छः आगामी तीन बर्षको आय प्रक्षेपण

यस परिच्छेदमा मन्थली नगरपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दे आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । यसले नगरपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ ।

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात आगामी तीन वर्ष (आ.व. २०७८/७९ देखि २०८०/८१) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविश्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसै गरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

तालिका 18: आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार

(रु हजारमा)

क्र.स.	राजश्व शिर्षक	कुल सम्भाव्य आय	प्रक्ष्येपणको आधार	प्रक्षेपित रकम
क	आन्तरिक आय तर्फ			
१	एकिकृत सम्पति कर	१५५२५	कुल संभावनाको ७५% र त्यसपछीका आवहरुमा १५% बढदै जाने	११६४३
२	व्यवसाय कर	६१७५	कुल संभावनाको ८०% र त्यसपछीका आव बर्षहरुमा १५% ले बढदै जाने	४९४०
३	विज्ञापन कर	७००	कुल संभावनाको कुल संभावनाको ७०% र त्यसपछीका आव बर्षहरुमा १५% ले बढदै जाने	४९०
४	वहाल कर	३९६६	कुल संभावनाको ७०% र त्यसपछीका आव बर्षहरुमा २०% ले बढदै जाने	२७७६
५	जडिबुटि, कवाडी र जिवजन्तु कर	१०००	कुल संभावनाको ७०% र त्यसपछीका आव बर्षहरुमा १५% ले बढदै जाने	७००
६	घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर	३०००	कुल संभावनाको १००% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	३०००
७	वहाल विटौरी शुल्क	२००	कुल संभावनाको ७०% र त्यसपछीका आव बर्षहरुमा २०% ले बढदै जाने	१४०
८	व्यवसाय रजिष्ट्रेशन दस्तुर	४५०	कुल संभावनाको ८०% र त्यसपछीका आव बर्षहरुमा १५% ले बढदै जाने	३६०
९	सिफारिश तथा प्रमाणित दस्तुर	१५००	कुल संभावनाको १००% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	१५००
१०	सरकारी सम्पतिको वहाल र विक्रि	१८७५	कुल संभावनाको ७०% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	१५००
११	सवारी पार्किङ शुल्क	८५०	कुल संभावनाको ७०% र त्यसपछीका आवहरुमा १५% ले बढदै जाने	५९५
१२	फोहोरमैला व्यवस्थापन शुल्क	९००	कुल संभावनाको ९० % र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	८१०

क्र.स.	राजश्व शिर्षक	कुल सम्भाव्य आय	प्रक्ष्येपणको आधार	प्रक्षेपित रकम
१३	जग्गा रेखाङ्कन दस्तुर	१०००	कुल संभावनाको ६०% र त्यसपछीका आव बर्षहरुमा १५% ले बढदै जाने	६००
१४	ढुंगा, गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क	४००००	कुल संभावनाको ९०% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	३६०००
१५	दण्ड जरिवाना र जफत	१००	कुल संभावनाको ८०% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	८०
१६	अन्य दस्तुर	५००	कुल संभावनाको १००% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	५००
१७	अन्य प्रशासनिक सेवा शुल्ल (मूल्याङ्कन र सम्झौता)	२०००	कुल संभावनाको १००% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	२०००
१८	नाता प्रमाणित	५००	कुल संभावनाको १००% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	५००
१९	हाटबजार सेवा शुल्क	२५०	कुल संभावनाको १००% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	२५०
२०	भाडा तथा वहाल	२०००	कुल संभावनाको ९०% र त्यसपछीका आव बर्षहरुमा १०% ले बढदै जाने	१८००
ख	**राजशव बाँडफाँड**			
ख. १				
१	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	१०५८५८	आर्थिक बर्ष २०७७/७८ का लागि प्राप्त रकम र त्यसपछी क्रमश ५% का दरले बृद्धि हुदै जाने अनुमान	१०५८५८
२	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क			
३	बाँडफाँडबाट प्राप्त हुने रोयल्टी		आर्थिक बर्ष २०७७/७८ मा संकलन भएको आधारमा आ.व. २०७९/८० का लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा र त्यसपछी बार्षिक ५% को दरले बृद्धि हुँदै जाने अनुमान	
ख. २	**प्रदेश सरकार**			
१	घरजग्गा रजिष्ट्रेशन दस्तुर		आर्थिक बर्ष ७७/७८ मा प्राप्त सिलिलङ र त्यसपछी बार्षिक १०% ले बृद्धि हुँदै जाने अनुमान	
२	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	३००००	आर्थिक बर्ष २०७७/७८ का लागि प्राप्त सिलिङ र त्यसपछी क्रमश ५% का दरले बृद्धि हुदै जाने अनुमान	३००००
३	बाँडफाँडबाट प्राप्त हुने मनोरन्जन कर		बार्षिक एकमुष्ठ रु १ लाख अनुमान	१००
४	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर		आर्थिक बर्ष २०७७/७८ मा नगरपालिकाको हिस्सा ६०% र त्यसपछी क्रमश १५% का दरले बृद्धि हुदै जाने	
ग	**अनुदान तथा वित्तिय हस्तान्तरण**			
ग. १	**संघीय सरकार**			
१	समानिकरण अनुदान		आर्थिक बर्ष २०७८/७९ को यथार्थ रकम र त्यसपछी क्रमश ५% का दरले बृद्धि हुदै जाने अनुमान	२०३०००
२	शसर्त अनुदान			३७४४००
३	बिषेश अनुदान			८३००
४	समपुरक अनुदान			
५	अन्य अनुदान (निर्वाचन क्षेत्र विकास र अन्य)		चालु आर्थिक बर्षको विनियोजन यथावत रहि बार्षिक १०% का दरले थपिदै जाने अनुमान	
ग. २	**प्रदेश सरकार**			
१	समानिकरण अनुदान			१८२५२
२	शसर्त अनुदान			२४९६४

क्र.स.	राजश्व शिर्षक	कुल सम्भाव्य आय	प्रक्ष्येपणको आधार	प्रक्षेपित रकम
३	समपुरक अनुदान		आर्थिक बर्ष २०७८/७९ को यथार्थ रकम र त्यसपछी क्रमश ५% का दरले बृद्धि हुदै जाने अनुमान	३००००
४	अन्य अनुदान (स्थानीय पूर्वाधार साझेदारी)			
५	विशेष अनुदान			६०००
ग. ३	**अन्य आन्तरिक अनुदान**			
१	अन्य संस्थागत आन्तिर अनुदान		आर्थिक बर्ष २०७८/७९ मा रु १० लाख प्राप्त हुने र त्यसपछी त्यसपछी क्रमश बार्षिक १०% का दरले बृद्धि हुदै जाने अनुमान	१०००
२	अन्य व्यक्तिगत आन्तरिक अनुदान		जनताको लागत सहभागिताबाट आर्थिक बर्ष २०७८/७९ मा रु १० लाख प्राप्त हुने र त्यसपछी त्यसपछी क्रमश बार्षिक १०% का दरले बृद्धि हुदै जाने अनुमान	१०००

६.२ आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

तालिका 19: आगामी ३ आर्थिक बर्षको आय प्रक्षेपण

(रु हजारमा)

राजस्व संकेत	राजस्व शिर्षक	२०७६/७७ (यथार्थ)	२०७७/७८ (अनुमान)	प्रक्षेपण		
				२०७८/७९	२०७९/८०	२०८०/८१
१००००	**राजस्व तथा अनुदान**					
क	**आन्तरिक आय**	**२७१६५**	**२६५२३**	**७०२८५**	**७८४२५**	**८७४४४**
११३१३	एकिकृत सम्पत्ति कर (सम्पति कर)	५५५२	४०००	११६४३	१३३८९	१५३९८
३३३४३	विज्ञापन कर	५५	०	४९०	५६४	६४८
११३२१	घर बहाल कर (घरजग्गा वहाल कर)	१७०६	१०००	२७७६	३१९२	३६७१
१४२५३	व्यवसाय रजिष्ट्रेशन	०	०	३६०	४१४	४७६
१४२१३	अन्य बिक्रिबाट प्राप्त रकम (नक्शा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि)	३०	४०	५०	५५	६१
१४२४३	सिफारिस दस्तुर (सिफारिस बक्यौनी दस्तुर)	३५०	२००	१५००	१६५०	१८१५
१४२४५	नाता प्रमाणित दस्तुर	६५	१००	५००	५५०	६०५
१४२४९	अन्य प्रमाणित दस्तुर पंजिकरण	७५	८३	९१	१००	
१४६११	व्यवसाय कर	२५७१	१५००	४९४०	५६८१	६५३३
१४२४१	सवारी पार्किङ शुल्क	५०९	३००	५९५	६८४	७८७

राजस्व संकेत	राजस्व शिर्षक	२०७६/७७ (यथार्थ)	२०७७/७८ (अनुमान)	प्रक्षेपण		
				२०७८/७९	२०७९/८०	२०८०/८१
	फोहोरमैला व्यवस्थापन	६७८	४००	८१०	८९१	९८०
	हाटबजार सेवा शुल्क	२२	१००	२५०	३००	३६०
१४२४२	नक्शापास दस्तुर	१२५६	१०००	३०००	३३००	३६३०
११३२२	भाडा तथा वहाल	१६०४	८००	१८००	१९८०	२१७८
११६३२	जडिबुटि कवाडी र जिवजन्तु कर	०	०	७००	८०५	९२६
११३२२	वहाल विटौरी शुल्क	०	०	१२०	१४४	१७३
१४२१९	ढुंगा गिट्टी वालुवा विक्रि	१२६९२	१७०००	३६०००	३९६००	४३५६०
१४१५१	सरकारी सम्पतिको वहाल विक्री	०	०	१५००	१६५०	१८१५
१४३१२	दण्ड जरिवाना र जफत	०	०	६०	६६	७३
१४२४९	अन्य दस्तुर	०	०	५००	५५०	६०५
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०	०	२०००	२२००	२४२०
	जग्गा रेखाङ्कन दस्तुर	०	०	६००	६६०	७३०
ख	**राजस्व बाँडफाँड**					
	संघीय सरकार	**१३५५७०**	**१०५८५८**	**१११११५१**	**११६७०८**	**१२२५४४**
१४४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	१३५५७०	१०५८५८	१११११५१	११६७०८	१२२५४४
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क					
१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी					
	प्रदेश सरकार	**२७६००**	**२८०००**	**२९४००**	**३०८७०**	**३२४१४**
११४५६	सवारी साधन कर	२७६००	२८०००	२९४००	३०८७०	३२४१४
११३१५	घरजग्गा रजिष्ट्रेशन दस्तुर (प्रदेशसंग राजस्व बाँडफाँड)					
११४७१	मनोरञ्जन कर					
११४७२	विज्ञापन कर					
ग	**अन्तरसरकारी वित्तीय हस्तान्तरण**					
	संघीय सरकार	**५७९१०४**	**५८५९००**	**५८५७००**	**६१४९८५**	**६४५७३४**
१३३११	समानिकरण अनुदान	२०५९००	१९९२००	२०३०००	२१३१५०	२२३८०८
१३३१२	शसर्त अनुदान चालु	३५३७०४	३७१७००	३७४४००	३९३१२०	४१२७७६
१३३१३	शसर्त अनुदान पूँजीगत					
१३३१४	विषेश अनुदान चालु	११५००	५०००	८३००	८७१५	९१५१
१३३१५	विषेश अनुदान पूँजीगत					
१३३१६	समपुरक अनुदान चालु	८०००	१००००			
१३३१७	समपुरक अनुदान पूँजीगत					
१३३१८	अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत)					
	प्रदेश सरकार	**४४४०१**	**७७९५६**	**७९२१६**	**८१९२९**	**८४७७७**
१३३११	समानिकरण अनुदान	१०६२६	१०६६७	१८२५२	१९१६५	२०१२३
१३३१२	शसर्त अनुदान चालु	१८०००	३७३२१	२४९६४	२४९६४	२४९६४
१३३१३	शसर्त अनुदान पूँजीगत				०	

राजस्व संकेत	राजस्व शिर्षक	२०७६/७७ (यथार्थ)	२०७७/७८ (अनुमान)	प्रक्षेपण		
				२०७८/७९	२०७९/८०	२०८०/८१
१३३१४	विषेश अनुदान चालु			६०००	६३००	६६१५
१३३१५	विषेश अनुदान पूँजीगत					
१३३१६	समपुरक अनुदान चालु	१५७७५	२९९६८	३००००	३१५००	३३०७५
१३३१७	समपुरक अनुदान पूँजीगत					
१३१११७	अन्य अनुदान चालु					
	अन्य आन्तरिक अनुदान			**२०००**	**२२००**	**२४२०**
१३४११	अन्य संस्थागत आन्तरिक अनुदान			१०००	११००	१२१०
१३४१२	अन्य व्यक्तिगत आन्तरिक अनुदान (जनसहभागिता)			१०००	११००	१२१०
३००००	**वित्तीय सम्पति तथा दायित्व**					
३२१२१	नगद					
३२१२२	बैंक मौज्दात					
३३१४३	अन्य संस्थाहरुबाट ऋण प्राप्ती					
३३१८२	तिर्नुपर्ने विभिन्न अन्य खाताहरु					
जम्मा राजश्व, अनुदान, सम्पति तथा दायित्व		**८१३८४०**	**८२४२३७**	**८७७७५२**	**९२५११७**	**९७५३३३**

परिच्छेद - सातः अपेक्षित नतिजा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको थियो । विभिन्न फारमहरुको प्रयोग गरी नगर कार्यपालिकाको कार्यालय तथा सम्वन्धित अधिकारीहरुबाट समेत सूचना संकलन गरिएको थियो । हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति मार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । संकलित तथ्याङ्क, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।

७.१ अपेक्षित नतिजा

यस अध्ययन अनुसार मन्थली नगरपालिकाको आगामी आ.व. २०७८/७९ को कुल आय ८७ करोड ७२ लाख १२ हजार हुने देखिएको छ । यसमा प्रस्तुत विवरणले नगरपालिकाको आन्तरिक आय सो आ.व. मा ६ करोड ९७ लाख ४५ हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको करिब ८% हुन आँउछ । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छः

तालिका 20: अपेक्षित आय संरचना

रु हजारमा

राजस्व संकेत	राजस्व शिर्षक	यथार्थ	यथार्थ	प्रक्षेपण		
		२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
१	**आन्तरिक आय**	२७१६५	२६५२३	७०२८५	७८४२५	८७४४४
२	**राजश्व बाँडफाँड**					
	संघीय सरकार	१३५५७०	१०५८५८	१११५५१	११६७०८	१२२५४४
	प्रदेश सरकार	२७६००	२८०००	२९४००	३०८७०	३२४१४
३	**अनुदान तथा वित्तीय**					
	संघीय सरकार	५७९१०४	५८५९००	५८५७००	६१४९८५	६४५७३४
	प्रदेश सरकार	४४४०१	७७९५६	७९२१६	८१९२९	८४७७७
	अन्य आन्तरिक अनुदान			२०००	२२००	२४२०
जम्मा		८१३८४०	८२४२३७	८७७७५२	९२५११७	९७५३३३
कुल आयमा आन्तरिक आयको योगदान (%)		३.३	३.२	८.०	८.५	९.०

उल्लेख गरिएअनुसार प्रक्षेपित आय हासिल गर्नका लागि नगरपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छनः

- राजश्व असुलीको अनुगमन कार्यमा राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।
- आर्थिक ऐन संसोधन गरी संघीय कानुन अनुकुलन र थप वस्तुपरक बनाउने ।
- आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने ।

परिच्छेद - आठः अनुगमन तथा मूल्याङ्कन

नगरपालिका क्षेत्र भित्र संचालन भएका, भैरहेका तथा हुने सवै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविश्यमा पार्न सक्ने असरका बारेमा लेखाजोखा गरी समयमानै क्षती न्यूनिकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसंग सम्बन्धित सवै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजश्व सुधार कार्ययोजनामा समाबेश भएका कृयाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यबस्था गरिनु जरुरी हुन्छ । राजश्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रुपमा राजश्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ ।

अनुगमनबाट गाउँपालिकाको राजश्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजश्व असुलीको प्रवृत्ति लक्ष्य अनुरुप भए नभएको, राजश्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजश्व कोषमा दाखिला गरे नगरेको आदि कुराहरु नियमित रुपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा नगरपालिकामा सिफारिस लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजश्व सुधार कार्ययोजना र सो वमोजिम संकलित राजश्वको अनुगमन तथा मूल्यांकन लागि यस अध्ययनले निम्न वमोजिम अनुगमन तथा मूल्यांकन ढाँचा प्रस्तुत गरेको छ ।



तालिका 21: अनुगमन तालिका

के अनुगमन गर्ने?	कसले अनुगमन गर्ने?	कहिले अनुगमन गर्ने?	कसरी अनुगमन गर्ने?
राजश्व असुली	राजश्व शाखा प्रमुख	दैनिक, मासिक, चौमासिक र बार्षिक	▪ स्थलगत अनुगमन गर्ने ▪ नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने
राजश्व प्रशासन	प्रमुख प्रशासकीय अधिकृत	मासिक, चौमासिक र बार्षिक	▪ स्थलगत अनुगमन गर्ने ▪ नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति तुलना गर्ने
राजश्व सुधार योजना	प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समिति, कार्यपालिका	मासिक, चौमासिक र बार्षिक	▪ स्थलगत अनुगमन गर्ने ▪ नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति तुलना गर्ने
समिक्षा	उपाध्यक्ष	चौमासिक र बार्षिक	▪ लक्ष्य र उपलब्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने

राजश्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरुको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ । साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाइ अनिवार्य गरिनु पर्दछ । साथै यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम् चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

(क) कार्यालय स्तरको अनुगमनः यो स्तरको अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वियनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वियनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षको लागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ति पश्चात राजस्व सुधार योजनाको समीक्षा गर्नु पर्दछ ।

(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गर्ने ।

(घ) वाह्य अनुगमन तथा मूल्यांकनः राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्न संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभूति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

अनुसूचीहरु

अनुसूची १ - छैठौ नगर सभाभाट स्वीकृत मन्थली नगरपालिकाको दरबन्दी चार्ट



अनुसूची २ - मन्त्रालयबाट स्वीकृत मन्थली नगरपालिकाको दरबन्दी चार्ट



अनुसूची ३ - तथ्याङ्क संकलनको चेक लिष्ट

नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था

१) संक्षिप्त परिचय
२) मुख्य पूर्वाधारको अवस्था
३) आर्थिक अवस्था
४) सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

नगरपालिकाको संगठन तथा राजस्व प्रशासन

१) संगठन संरचना तथा कर्मचारीको विवरण
२) भौतिक सुविधाहरु
३) राजस्व शाखा तथा राजस्व प्रशासन
४) राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
५) कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
६) फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
७) राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
८) कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
९) वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

नगरपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरण

१) विगत तीन आर्थिक वर्षहरु (२०७४/७५, ०७५/७६ र ०७६/७७) को यथार्थ आय विवरण
२) चालु आर्थिक वर्षको (२०७८/७९) को अनुमानीत बजेट विवरण
३) चालु आर्थिक वर्षका लागि नगर सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

अन्य दस्तावेज तथा सूचनाहरु

१) निर्वाचित पदाधिकारीहरुको विवरण
२) नगर सभाले पारित गरेको आर्थिक ऐन
३) राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
४) नगरपालिकाको बस्तुस्थिति विवरण (पार्श्वचित्र)
५) राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु
६) राजश्व परामर्श समितिको विवरण

अनुसूची ४ – तथ्याङ्क संकलन फाराम

प्रदेश सुशासन केन्द्र
बागमती प्रदेश, जावलाखेल, ललितपुर
राजश्व सुधार कार्ययोजना तर्जुमा
सूचना संकलन फाराम

क) राजश्व तर्फ

१) सम्पति कर

- सम्पत्ति कर कार्यान्वयन प्रारम्भ भएको आर्थिक बर्षः
- जम्मा करदाता संख्याः
- गत आर्थिक बर्षमा उठेको जम्मा रकम रुः
- चालु आर्थिक बर्षको वार्षिक लक्ष्य रुः
- चालु आर्थिक बर्षको फाल्गुण महिनासम्म उठेको रकम रुः
- अधिकतम र न्यूनतम कर तिर्ने व्यक्तिले कति तिरेका छन्? अधिकतम रुः न्यूनतम रुः
- गत आर्थिक बर्षसम्मको बक्यौता रकम रुः

२) भूमिकर (मालपोत)

- गाँउ/नगरपालिका भित्रको जम्मा खेतीयोग्य जग्गाको कूल क्षेत्रफलः (पालिकामा तथ्यांक उपलब्ध नभए मालपोत वा नापी कार्यालयबाट प्राप्त गर्न सकिने)
- गत आ.ब. मा उठेको रकम रुः
- गत आ.ब.सम्मको जम्मा बक्यौता रकम रुः

३) व्यवसाय कर

- दर्ता भएका व्यबसायिक फर्मको संख्याः
- गत आ.ब. मा उठेको जम्मा रकम रुः
- चालु आ.ब.को वार्षिक लक्ष्य रुः
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रुः
- अधिकतम र न्यूनतम कर तिर्ने व्यक्तिले कति तिरेका छन् ? अधिकतम रुः न्यूनतम रुः
- गत आ.ब.सम्मको बक्यौता रकम रुः
- दर्ता हुन बाँकी रहेका फर्मको संख्या रुः

४) व्यवसाय वहाल कर

- संस्थागत रुपमा (बैंक, सरकारी, नीजि विद्यालय, सरकारी कार्यालय आदिलाई) भाडामा दिएका घरहरुको संख्याः औषत मासिक घर भाडा रकम रुः

- व्यवसायिक फर्म (पसल, होटेल, रेष्टुरेन्ट आदि) लाई भाडामा दिएका घरहरुको संख्याः
  औषत मासिक घर भाडा रकम रुः
- आवासिय प्रयोजनका लागि भाडामा दिएका घरको संख्याः औषत मासिक घर भाडा रकम रुः
- चालु आ.ब.को वार्षिक लक्ष्य रुः
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रुः

५) जडिबुटि, कवाडी र जीवजन्तु कर

- जडिबुटि संकलन गर्ने व्यबसायीको संख्याः संकलन हुने जडिबुटिको औषत परिमाणः के.जी.
- प्रति के.जी. जडिबुटि करको दरः चालु आ.ब.को लक्ष्यः

ख) गैर कर राजश्व तर्फ

१) सिफारिश/प्रमाणित दस्तुर (वडा र पालिकाबाट गरिने सबै किसिमका)

- गत आ.ब. मा सबै गरिएको सिफारिश प्रमाणितको संख्याः
- सिफारिश/प्रमाणित दस्तुरको न्यूनतम दरः सिफारिस/प्रमाणित दस्तुरको अधिकतम दरः
- गत आ.ब. मा प्राप्त यथार्थ आय रुः
- चालु आ.ब.को वार्षिक लक्ष्य रुः
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रुः
- वार्षिक रुपमा दर्ता र नविकरण सम्बन्धी सेवाको विबरणः

क्र.स.	सेवाको किसिम	संख्या	दस्तुरको दर	संकलन हुनसक्ने कुल राजश्व	गत आ.ब मा प्राप्त रकम
१	एफ एम रेडियो				
२	घ वर्गको निर्माण व्यवसायी ईजाजत				
३	विद्यालय स्थापना				
४	पत्रपत्रिका				
५	व्यापारिक फर्म				
६	सहकारी				
७	अन्य				
	जम्मा				

२) भवन निर्माण अनुमति दर

- वार्षिक रुपमा निर्माण हुने नयाँ घरको संख्याः
- नक्शापास प्रकृयामा आउने गरेका घरहरुको प्रतिशतः
- नक्शापास दस्तुरको दर प्रतिवर्ग फीटः
- गत आ.ब. मा पास भएका नक्सा संख्याः दस्तुर बापतको यथार्थ आयः
- चालु आ.ब.को वार्षिक लक्ष्य रुः
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रुः

३) सेवा शुल्क

क्र.स.	सेवाको किसिम	दर	सेवाग्राहीको संख्या	संकलन हुनसक्ने कुल राजश्व	गत आ.ब मा प्राप्त रकम
१	हाटबजार				
२	पार्किङ				
३	बहाल बिरौटी शुल्क				
४	फोहोरमैला व्यवस्थापन (सरसफाई)				
५	सडक बत्ति				
६	शौचालय				
७	पार्क				
८	पर्यटकिय स्थल				
९	सडक, बसपार्क				
१०	अचल सम्पति मूल्याङ्कन				
	जम्मा				

४) बिक्री

क्र.स.	सम्पतिको किसिम	EIA/IEE प्रतिवेदन अनुसारको परिणाम	दर	संकलन हुनसक्ने कुल राजश्व	गत आ.व. मा प्राप्त रकम	चालु आ.व. को ठेक्का रकम
१	ढुंगा, गिट्टी, वालुवा, माटो .... नाका .... नाका					
२	टेण्डर फर्म (बार्षिक संख्या)					
३	पुस्तक वा नक्शा (संख्या)					

४	अन्य सम्पति					
	जम्मा					

५) सम्पति भाडा

क्र.स.	सम्पतिको किसिम	परिणाम	दर	संकलन हुनसक्ने कुल राजश्व	गत आ.व. मा प्राप्त रकम	चालु आ.व. को अनुमान
१	मेसिन औजार					
२	घर वा जग्गा वा पोखरी					
३	अन्य सम्पति					
	जम्मा					

६) दण्ड जरिवाना

क्र.स.	दण्ड जरिवानाको किसिम	परिणाम	दर	संकलन हुनसक्ने कुल राजश्व	गत आ.व. मा प्राप्त रकम	चालु आ.व. को अनुमान
१	नक्शा पास					
२	छाडा गाईवस्त/पशु					
३	सडक वा सडक पेटी					
४	फोहोरमैला					
	अन्य					

७) सवारी साधन कर (टेम्पो, जिप, ट्रक, टिपर, भ्यान, माईक्रोबस, मिनिबस/बस)

क्र.स.	सवारी साधनको किसिम	संख्या	दर	संकलन हुनसक्ने कुल राजश्व	गत आ.व. मा प्राप्त रकम	चालु आ.व. को अनुमान
१	टेम्पो					
२	जिप					
३	मिनिट्रक					
४	ट्रक					
५	टिपर					
६	भ्यान					
७	माईक्रोबस					

८	मिनिबस					
९	बस					
	अन्य					

८) प्रदेशसंग बाँडफाँड हुने राजश्व

क्र.स.	राजश्वको किसिम	परिणाम	दर	संकलन हुनसक्ने कुल राजश्व	गत आ.व. मा प्राप्त रकम	चालु आ.व. को अनुमान
१	सवारी साधन कर					
२	घरजग्गा रजिष्ट्रेशन शुल्क					
३	मनोरंजन कर (करदाता)					
४	विज्ञापन कर (करदाता)					
	अन्य					

९) गाँउ/नगरपालिकाको स्वामित्तमा रहेको जग्गा र यसको हालको उपयोग सम्बन्धी विवरणः

१०) गाँउ/नगरपालिका क्षेत्रभित्रको सार्वजनिक, पर्ति ऐलानी जग्गा र यसको हालको उपयोगको अवस्थाः

११) गाँउ/नगरपालिका क्षेत्रभित्रका महत्वपूर्ण पर्यटकिय र धार्मिक स्थलहरु सम्बन्धी विवरणः

१२) आन्तरिक आयका अन्य कुनै थप संभाव्य स्रोत भएमा सोको विवरणः

अनुसूची ५ – जुम मिटिङका फोटोहरु






नगर कार्यपालिकाको कार्यालय रामेछाप
बागमती प्रदेश, नेपाल
आर्थिक ऐन, २०७७
प्रस्तावना : मन्थली नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावको प्रभावकारी कार्यान्वयन गर्नका साथै स्थानीय कर तथा शुल्क संकलन गर्ने, आय संकलन गर्ने तथा छुट दिने कार्यको प्रशासनिक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मन्थली नगरपालिकाले यो ऐन तयार गरी जारी गरेको छ।
१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " आर्थिक ऐन २०७७" रहेको छ।
(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि २०७८ साल आषाढ मसान्त सम्म नगरपालिका क्षेत्रमा लागू हुनेछ।
२. सम्पति कर : मन्थली नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर (भूमि कर समेत) लागू गरी कार्यान्वयनमा ल्याइनेछ।
३. सिफारिस दस्तुर: नगरपालिकाबाट हुने विविध सिफारिसमा अनुसूचि (२) बमोजिम दस्तुर कायम गरी कार्यान्वयनमा ल्याइनेछ।
४. व्यवसाय कर : नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लागू गरी कार्यान्वयनमा ल्याइनेछ।
POCO X3 NFC
Maya Karki


You are viewing Yadav Mani Upadhyaya's screen
View Options
View
११. उद्योग वाणिज्य संघ सँग व्यवसाय कर सम्बन्धी कुनै छलफल गर्नुभएको छ वा छैन?
१२. व्यवसाय कर मा कति संघसंस्थाहरु दर्ता भएका छन्?
१३. तपाईहरुले उल्लेख गर्नु भए अनुसार ब्यबसाय करमा के समस्याहरु छन।
१४. घरेलु उद्योगहरूको वा अन्य कुनै उद्योगहरूको अवस्था कस्तो रहेको छ?
१५. पुँजीगत लगानीका आधारमा कर उठाउनुभएको छ?
१६. वार्षिक नवीकरण गरिरहनुभएको छ वा छैन?
१७. तपाईहरुको आफ्नै सभा हलको व्यवस्था छ वा छैन? छ भने कति रकम त्यसबाट उठाउनु हुन्छ?
१८. सम्पत्तिलाई यी पुजिगत रुपमा वर्गीकरण गर्नुभएको छ वा अन्य कुनै विधि प्रयोग गर्नुभएको छ?
१९. सम्पत्ति कर कति कार्यान्वयनमा छ? सडकले छोएको र नछोएकोको विवरण कस्तो छ?
२०. तपाईहरूको स्थानिय बजार कस्तो प्रकृतिको छ? पिलर सिस्टम भएका घरहरुको तथ्यांक राख्नुभएको छ वा छैन? अथवा अन्य कुनै?
1jSkrJPRTy3er_1...
लीला
Mute
Stop Video
Participants
Chat
Share Screen
Record
Reactions
Leave

अनुसूची ६ - तथ्याङ्क संकलनका फोटोहरु

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली नगरपालिकाको
नवौं नगरसभामा
Your Under CC TV Surveillance
No Smoking Zone

अनुसूची ७ - मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको फोटोहरु

EVEREST

अनुसूची ८ – मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको माईन्यूट



DATE:

आज मिति २०७८ साल श्रावन ११ गते सोमबारको दिन यस मन्थली नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनको छलफल यस नगरपालिकाको राजस्व परामर्श समितिका संयोजक एवं नगर-उपप्रमुख श्री माया कुमारी कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमको उपस्थितिमा निम्न बमोजिमको निर्णयहरु गरियो।

उपस्थिति

१. श्री माया कुमारी कार्की - नगर उप-प्रमुख (अध्यक्ष)
२. श्री रमेश कुमार बस्नेत - नगर प्रमुख - प्रमुख प्रतिनिधि
३. श्री लिलाराज पौडेल - प्र.प्र.अ.
४. श्री झलकनाथ गिरी - उप निर्देशक, प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश
५. श्री मदन खनाल - विषय विज्ञ, प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश
६. श्री नारायण कार्की - वडा अध्यक्ष, वडा नं. १
७. श्री हरि बहादुर खवाडी - लेखा अधिकृत सातौं
८. श्री दिल्ली अधिकारी - ईन्जिनियर
९. श्री ओम भाग्य न्यौपाने - अधिकृत, छैठौं
१०. श्री दिपक प्रसाद सुवेदी - अधिकृत सातौं
११. श्री ज्ञानेन्द्र कार्की - सहायकस्तर, पाँचौं
१२. श्री दिल कुमार मानन्धर - सहायकस्तर, पाँचौं
१३. श्री निराज खड्का - अ.ले.प. सहायक
१४. श्री सुवास काफ्ले - सहायकस्तर चौथौं।
१५. श्री शेषराज पौडेल वडा सचिव
१६. श्री केशव राज फुयाल स्वा. शाखा प्रमुख
१७. श्री इन्दु चापागाईं — परामर्शदाता
१८. श्री कृष्ण चन्द्र अधिकारी — " —



प्रस्ताव नं: १.

राजस्व सुधार कार्य योजना माथिको छलफल

प्रस्ताव नं: २. विविध

निर्णयहरु:

मन्थली नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धि प्रतिवेदन माथिको छलफलमा उठेका सुझाव तथा सल्लाह हरुलाई समेटी अन्तिम प्रतिवेदनमा समावेश गर्ने निर्णय गरियो।